# 'अन्नपूर्ण पोष्ट'दैनिकका गद्यरचनाहरूको विवरणात्मक अध्ययन

## (२०५९-२०६३)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्र (५१०-१)को प्रयोजनका
लागिप्रस्तुत

## शोधपत्र

सन् २०१३

शोधकर्ता
**अमृत घिमिरे**
परीक्षा क्रमाङ्क : २८०५३२
त्रि.वि.दर्ता नं.६-२-४८-३७७४-२००४

नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०७०

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर दोस्रो वर्षका छात्र **अमृत घिमिरे**ले **अन्नपूर्ण पोष्टदैनिकका गद्यरचनाहरूको विवरणात्मक अध्ययन** (२०५९-२०६३) शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पार्नु भएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

शोध निर्देशक

.....................

सहप्रा.डा. लक्ष्मणप्रसाद गौतम
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ

मिति :- २०७०/०५/०९

# त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा समाजशास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको समूह २०६६/०६७ का छात्र**अमृत घिमिरे**ले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **'अन्नपूर्ण पोष्ट'दैनिकका गद्यरचनाहरूको विवरणात्मक अध्ययन (२०५९-२०६३)** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति** **हस्ताक्षर**

१. प्रा.डा. देवीप्रसाद गौतम ................................
(विभागीय प्रमुख)

२. सहप्रा.डा.लक्ष्मणप्रसाद गौतम ................................
(शोध निर्देशक)

३. डा. विन्दु शर्मा . ................................
(बाह्य परीक्षक)

मितिः२०७०/०५/१६

## कृतज्ञता-ज्ञापन

**अन्नपूर्ण पोष्ट** दैनिकमा गद्यरचनाहरूको विवरणात्मक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहको नेपाली विषयको दसौं पत्र (५१०-१) को लागि तयार पारिएको हो ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्र (५१०-१)को लागि प्रस्तुत शोध सामग्री प्रा.डा. लक्ष्मणप्रसाद गौतमको निर्देशनमा तयार पारिएको हो । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो व्यस्तता र व्यक्तिगत जीवनलाई एकतिर राखी मलाई हरेक पल पलमा शोधको सबै विषयवस्तुलाई व्यवस्थित बनाउन सहयोग गर्नु हुने आदरणीय गुरु प्राध्यापक डा. लक्ष्मणप्रसाद गौतमप्रति म ऋणी छु । आफ्ना अमूल्य सुझाव सल्लाह सहयोगका साथै प्रत्यक्ष भेट हुँदा होस् या टेलिफोन सम्पर्कमा विना हिचकिचावट आफ्नो व्यस्ततालाई पन्छाएर सहयोग गरिदिनु भएकामा गुरुप्रति हार्दिक नमन व्यक्त गर्दछु । त्यस्तै मलाई अध्ययनको सिलसिलामा आवश्यक पत्रपत्रिका उपलब्ध गराएर सहयोग पुऱ्याउनुहुने **अन्नपूर्ण पोष्ट**दैनिकका सम्पादक जिबेन्द्र सिंखडाप्रति म आभारी छु ।

शिक्षाको उज्यालो ज्योति प्रदान गर्न जिन्दगीका आरोह अवरोहहरूमा घामपानीमा पिल्सिएर गाउँबेँसीका थकानहरू आफ्नो शिरमा राखी मलाई ज्ञान आर्जनमा सहयोग पुऱ्याउनुहुने जन्मदिने आमा सीतादेवी घिमिरेप्रति म आजीवन ऋणी छु । आफू जलेर अरूलाई प्रकाश छर्ने मैनबत्ति जस्तै त्यागी जन्मदिने आमा जसले मलाई निमेष निमेषमा पढ्नको लागि उत्प्रेरणा दिनुभयो र यो शोध तयार गर्ने क्रममा हौसला, उत्साह र सहयोग प्रदान गर्नुभयो उहाँप्रति म सदैव कृतज्ञ रहने छु । त्यस्तै घरको व्यवहारिक झन्झट र व्यस्तताहरूलाई पन्छाएर सहयोग पुऱ्याउने जीवन सङ्गीनी निर्मला के.सी., शोध तयार पार्ने क्रममा मलाई आर्थिक, भौतिक, नौतिक बल प्रदान गर्नुहुने मेरो सहोदर दाजु अर्जुन घिमिरेलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमाप्रत्यक्षपरोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने आदरणीय व्यक्तित्वहरूमा म हार्दिक धन्यवाद ज्ञापन गर्दै आवश्यक मूल्याङ्कनका लागि यो शोधपत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा समाजशास्त्र सङ्काय नेपाली विभाग समक्ष पेस गर्दछु ।

...............

शोधार्थी

अमृत घिमिरे

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

भर्ना वर्ष : **२०६५**/०६७

क्रमाङ्क : ३८०

मिति : २०७०/०५/०४

# विषय सूची

**पेज नं.**


शोध निर्देशकको मन्तव्य क

स्वीकृति पत्र ख

कृतज्ञता-ज्ञापन ग

विषय सूची घ-ङ

तालिका सूची च

**अध्याय एक : शोधको परिचय** **१-५**

१.१ विषय परिचय १

१.२ समस्या कथन २

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ अध्ययनको औचित्य ४

१.६ शोधकार्यको क्षेत्र र सीमा ४

१.७ शोधविधि ४

१.७.१ सामग्री सङ्कलन विधि ४

१.७.२ सामग्री विश्लेषण विधि ५

१.८ शोधपत्रको रूपरेखा ५

**अध्यायदुई : अन्नपूर्ण पोष्ट** दैनिकमा प्रकाशित विधागत रचनाहरूको विवरण

२.१ विषय प्रवेश ६

२.१.१ विधागत रचनाहरूको स्थिति ६

२.१.२**अन्नपूर्ण पोष्ट**दैनिकमा प्रकाशित कथाहरूको विषयवस्तु र विवरण८

२.१.३ निष्कर्ष १८

२.२ **अन्नपूर्ण पोष्ट**दैनिकमा प्रकाशित समीक्षा, समालोचना/पुस्तक चर्चा १८

२.२.१ **अन्नपूर्ण पोष्ट**दैनिकमाप्रकाशित समीक्षा,

समालोचना र पुस्तक चर्चाको विषयवस्तु र विवरण १९

२.२.२ निष्कर्ष २९
२.३ **अन्नपूर्ण पोष्ट**दैनिकमा धारावाहिक रूपमा प्रकाशित
उपन्यास र उपन्यास अंशहरू ३०
२.३.१ **अन्नपूर्ण पोष्ट**दैनिकमा धारावाहिक रूपमा प्रकाशित
उपन्यास र उपन्यास अंशहरूको विषयवस्तु र विवरण ३०
२.३.२ निष्कर्ष ३९
२.४ **अन्नपूर्ण पोष्ट**दैनिकमा प्रकाशित निबन्धात्मक रचना ४०
२.४.१ अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित निबन्ध, यात्रा संस्मरण
र नियात्राको विषयवस्तु र विवरण ४१
२.४.२ निष्कर्ष ४४
२.५ **अन्नपूर्ण पोष्ट**दैनिकमा प्रकाशित अनुवाद साहित्य ४५
२.५.१ **अन्नपूर्ण पोष्ट**दैनिकमा प्रकाशित अनुवाद
साहित्यको विषयवस्तु र विवरण ४५
२.५.२ निष्कर्ष ४६
२.६ **अन्नपूर्ण पोष्ट** दैनिकमा प्रकाशित नाटक ४६
२.६.१ **अन्नपूर्ण पोष्ट**दैनिकमा प्रकाशित नाटकको विषयवस्तु र विवरण ४६
२.६.२ निष्कर्ष ४६
२.७ समग्र निष्कर्ष ४७
**अध्यायतीन : उपसंहार** **४८-५७**
**परिशिष्ट खण्ड** **५८-७०**
**सन्दर्भ सामग्रीसूची**

## तालिका सूची


| तालिका | | पृष्ठ |
|---|---|---|
| तालिका सङ्ख्या | १ | १० |
| तालिका सङ्ख्या | २ | २० |
| तालिका सङ्ख्या | ३ | ३४ |
| तालिका सङ्ख्या | ४ | ४२ |
| तालिका सङ्ख्या | ५ | ४५ |

## अध्याय एक

# शोधपरिचय

## १.१विषयप्रवेश

**अन्नपूर्ण पोष्ट**दैनिक पत्रिका नेपालको राजधानी काठमाडौँबाट प्रकाशित हुने राष्ट्रिय स्तरको दैनिक रङ्गीन पत्रिका हो । यस दैनिक वि.सं. २०५९ वैशाख १८ गतेबाट प्रकाशन प्रारम्भ भई हालसम्म निरन्तर दैनिक रूपमा प्रकाशित हुँदै आएको छ । यसले समाचार, सूचना,मनोरञ्जन, खेलकुद र समसामयिक विषयवस्तुलाई प्रभावकारी ढङ्गले प्रकाशन गर्दै आएको छ । यस दैनिकले प्रजातन्त्र, राजाको प्रत्यक्ष शासन, गणतन्त्र र वर्तमान समसामयिक परिवेशमा आफूलाई समाचार सम्प्रेषणमा स्वच्छ, निष्पक्ष, मर्यादित, सन्तुलित र यथार्थ जानकारी प्रस्तुत गर्न हरसम्भव प्रयत्न गरेको देखिन्छ ।

समाचारसँगै विविध पाटा अन्तर्गत कला, साहित्य, संगीत र खेलकुदमा पनि उत्तिकै रूपमा यसले आफ्नो स्थान खर्चिएको पाइन्छ । दोस्रो जनआन्दोलनपूर्व राजाको निङ्कुश प्रत्यक्ष शासनमा होस् या संविधान सभाको निर्वाचनमा होस् अथवा राजतन्त्रको अन्त्यसँगै स्थापना भएको गणतन्त्रको वर्तमान परिवेशमा पनि यसले आफूलाई सतीसाल झैँ उभ्याउन सफल भएको छ ।

साहित्य समाजका घटनाक्रमहरूको कलात्मक अभिव्यक्ति हो भन्ने मान्यतालाई हृदयङ्गम गर्दै साहित्यको रचना सामाजिक प्राणी मान्छेले गर्ने र समाजविना साहित्य हुन नसक्ने ठहर पत्रिकाले गरेको आभाष यसले समेट्ने गरेको साहित्यिक गतिविधिबाट स्पष्ट हुन्छ । साहित्यको सन्दर्भमा साहित्य र समाजको खोजी गर्नु पत्रपत्रिकाको धर्म, मर्म र दायित्व पनि हो भन्ने मान्यतालाई यसले अक्षरस पालन गरेको देखिन्छ । साहित्यको अध्ययन समाजमा रहेको हुन्छ । यसको प्रतिबिम्ब पनि समाजमा नै पर्ने गर्दछ भन्ने मान्यता पत्रिकाले  राखेको हुन्छ । पाठक नै पत्रिकाका भगवान हुन र आफ्ना पाठकको रुचि अनुसार समसामयिक विषयवस्तुलाई पनि समेट्नु पर्दछ भन्ने मान्यता यस दैनिकले महसुस गरेको पाइन्छ । **अन्नपूर्ण पोष्ट**दैनिकमा वि.सं. २०५९ सालदेखि २०६३ सालसम्म प्रकाशित गद्य साहित्यको  विवरणात्मक अध्ययन गर्नु प्रस्तुत अध्ययनपत्रको मुख्य विषय रहेको छ ।

## १.२ समस्या कथन

**अन्नपूर्ण पोष्ट**दैनिकमा प्रकाशित गद्य साहित्यले नेपाली साहित्यमा पुऱ्याएको साहित्यिक योगदानको अध्ययन गर्नु यस अध्ययनको मुख्य समस्यारहेको छ । प्रस्तुत शोध कार्यसँग सम्बन्धित निम्नलिखित समस्याहरू रहेका छन् ।

१.**अन्नपूर्ण पोष्ट**दैनिकमा के-कस्ता गद्य विधाका रचनाहरू समेटिएका छन् ?

२.**अन्नपूर्ण पोष्ट**दैनिकले समेटेका गद्य विधाका रचनाहरूमा के-कस्तो विषयवस्तु पाइन्छ?

## १.३ शोधकार्यको उद्देश्य

साहित्यिक योगदानका हिसाबले **अन्नपूर्ण पोष्ट**दैनिकमा प्रकाशित गद्य साहित्यको अध्ययनले पुऱ्याएको योगदान बारेमाअध्ययन गर्नु यस शोधको मुख्य उद्देश्य रहेको छ । यस अध्ययनपत्रका उद्देश्यलाई बुँदागत  रूपमा यसप्रकार प्रस्तुत गरिएको  छ ।

१. **अन्नपूर्ण पोष्ट**दैनिकले प्रकाशित गरेका गद्यरचनाहरूको विवरण दिनु,

**२.अन्नपूर्ण पोष्ट**दैनिकमा प्रकाशित गद्यरचनाका विषयवस्तु पहिल्याउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

अहिलेसम्म **अन्नपूर्ण पोष्ट**दैनिक पत्रिकाले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको बारेमाशोध गरिएको छैन । **अन्नपूर्ण पोष्ट**दैनिक नेपालको महत्त्वपूर्ण समाचारप्रधान पत्रिका हो । यसका बारेमा खासै व्यवस्थित अध्ययन अनुसन्धान भएको छैन । समग्र पत्रपत्रिको अध्ययन गर्ने क्रममा केहीले यसका बारेमा सङ्क्षिप्त रूपमा अध्ययन गरेका छन् । यसका बारेमा व्यवस्थित अध्ययन नभएकाले नै यो अध्ययन आवश्यक ठानिएको हो । दैनिक पत्रिकाहरूमा भएका त्रुटि, पत्रिकामा प्रयुक्त भाषा तथा प्रस्तुतीकरण र प्रयोजनपरक भेदका रूपमा समाचार पत्रिकाका शीर्षकहरूको अध्ययनभने गरिएको छ ।यसका बारेमा अहिलेसम्म व्यवस्थित रूपमा अध्ययन नभएको हुँदा जे-जतिरूपमा भएका सामान्य अध्ययनलाई कालक्रमिक आधारमा यसप्रकार प्रस्तुत गरिन्छ ।

भेषराज घिमिरेले *प्रयोजनपरक भेदका रूपमा समाचार पत्रिकाका शीर्षकहरूको अध्ययन* (२०५७)अध्ययन गरेका छन् । भेषराज घिमिरेले प्रयोजनकपरक भेदका रूपमा

समाचार पत्रिकाका शीर्षकहरूको अध्ययन गर्ने क्रममा अन्य पत्रपत्रिकाहरूको अध्ययन गर्ने क्रममा **अन्नपूर्ण पोष्ट** दैनिकको पनि सामान्य अध्ययन गरेका छन् । **अन्नपूर्ण पोष्ट** दैनिकमा प्रकाशित समाचारका शीर्षकको अध्ययन गर्दै उनले यस दैनिकमा प्रयोग भएको भाषागत त्रुटि औँल्याएका छन् ।

सुरेन्द्र पोखरेलले *नेपाली राष्ट्रिय दैनिक अखबारका भाषा तथा प्रस्तुतीकरणको अध्ययन*(२०६१) गरेका छन् । उनले अरू पत्रिकासँगैनेपाली राष्ट्रिय दैनिक अखबारका भाषा तथा प्रस्तुतीकरणको अध्ययन गर्नेक्रममा**अन्नपूर्ण पोष्ट** दैनिकको पनि भाषा र प्रस्तुतीकरणको अध्ययन गरेका छन् । उनले अध्ययन गर्ने क्रममा यस दैनिकमा प्रयुक्त भाषा व्याकरणगत रूपमा त्रुटिपूर्ण रहेकोचर्चा गरेका छन् ।

पूर्णचन्द्र बरालले *नेपाली दैनिक समाचारपत्रहरूमा पाइएका वर्णविन्यासगत त्रुटिको अध्ययन*(२०६४) गरेका छन् । उनले नेपाली दैनिक समाचारपत्रहरूमा पाइएका वर्णविन्यासगत त्रुटिको अध्ययन गर्ने क्रममा अन्य पत्रिकासँगै **अन्नपूर्ण पोष्ट** दैनिकमा भएका त्रुटिको पनि सामान्य अध्ययन गरेका छन् । उनले यस दैनिकको भाषामा धेरै गल्ती भएको उल्लेख गरेका छन् ।

उमा अर्यालले *नेपाल समाचारपत्र दैनिकको समाचार खण्डमा प्रयुक्त भाषाको अध्ययन* (२०६७) गरेकी छिन् । उनले नेपाल समाचारपत्र दैनिकको समाचार खण्डमा प्रयुक्त भाषाको अध्ययन गर्ने क्रममा **अन्नपूर्ण पोष्ट** पत्रिकाको सामान्य अध्ययन गरेकी छिन् । उनले यस दैनिकको भाषागत त्रुटि व्याकरणगत हिसाबले कमजोर रहेको उल्लेख गरेकी छिन् ।

गङ्गा ढुङ्गानाले *नेपाली दैनिक समाचारपत्रहरूमा प्रयुक्त भाषाको अध्ययन*(२०६७) गरेकी छिन् । ढुङ्गानाले नेपाली दैनिक समाचारपत्रहरूमा प्रयुक्त भाषाको अध्ययन गर्ने क्रममा **अन्नपूर्ण पोष्ट**दैनिकको भाषा सरल, सहज र सरस रहेको उल्लेख गरेकी छिन् ।

दैनिक पत्रिकाको सन्दर्भमा गरिएका केही शोधहरूको अध्ययन गर्दा विषयगत रूपमा यसरी दैनिक पत्रिकाहरूले समेटेका विविध विषयहरूको अध्ययन भएपनि समाचारप्रधान पत्रिकाले साहित्यिक विकासमा पुऱ्याएको योगदानको विषयमा खासै शोधकार्य भएको छैन । **अन्नपूर्ण पोष्ट** दैनिकमा गद्य रचनाहरूको विवरणात्मक अध्ययन प्रस्तुत शोधमा गरिएको छ । यस विषयमाअहिलेसम्म कसैले शोध कार्य नगरेको हुँदा यस दैनिकसँग सम्बद्ध पूर्वकार्यहरू केही पनि नभएको प्रष्ट पार्न चाहन्छु ।

## १.५ शोधकार्यको औचित्य

नेपाली साहित्यको  विकासमा पत्रपत्रिकाको प्रकाशनले कुनै न कुनै रूपमा योगदान पुऱ्याउँदै आएको पाइन्छ। समाचार, मनोरञ्जन, खेलकुद, सूचनाका अलवा पत्रिकाले समेट्ने साहित्यिक गतिविधिलाई निकै महत्त्वका साथ हेर्ने गरिन्छ । पत्रपत्रिकाले पुऱ्याएको योगदानलाई कमै मात्रामा चर्चा परिचर्चा र शोध अध्ययन भएको सन्दर्भमा **अन्नपूर्ण पोष्ट**दैनिकमा गद्यरचनाहरूको विवरणात्मक अध्ययन गर्नु औचित्यपूर्ण ठहर्छ।

## १.६. शोधकार्यको क्षेत्र र सीमा

**अन्नपूर्ण पोष्ट**दैनिकले गद्य साहित्यमा पुऱ्याएको योगदानको विषयमा अध्ययन  गर्नु यस शोधकार्यको क्षेत्र हो । **अन्नपूर्ण पोष्ट**दैनिकले समेटेका साहित्यक विधाहरू  अर्न्तगत वि.सं. २०५९-२०६३ सम्म पाँच वर्ष अवधिमा प्रकाशित गद्य साहित्यको विवरणात्मक अध्ययन मात्र यसमा  गरिएको छ । पत्रिकामा प्रकाशित गद्य रचनाहरूकथा, बालकथा, समालोचना, समीक्षा, उपन्यास अंश, निबन्धात्मक रचना, अनुवाद साहित्य र नाटकको विवरणात्मक अध्ययन यस शोध कार्यमा गरिएको छ । यस शोधको सीमा वि.सं.२०५९-२०६३ सालसम्म पाँच वर्षको अवधिमा प्रकाशित भएका गद्य रचनाहरूको मात्र अध्ययन गर्नु रहेको  छ।

## १.७.शोधविधि

प्रस्तुत शोधलाई पूर्णरूप दिन निम्न लिखित विधिहरूको प्रयोग गरिएको  छ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रका लागि सामग्री सङ्कलन गर्दा पुस्तकालय पद्धतिको अनुशरण गरिएको छ। साथै सामग्री सङ्कलनका क्रममा पत्रिकाका  वि.सं. २०५९-२०६३ सम्म पाँच वर्षको अवधिमा प्रकाशित अङ्कहरूको अध्ययन गरिएको छ। अध्ययनका क्रममा पत्रिकाका सम्पादक, संवाददताहरूसँग पनि आवश्यक परेका ठाउँमा सूचना र सहयोग लिइएको छ। यस दैनिकसँग मात्र सम्बन्धित रहेर शोध कार्य गरिने हुँदा प्रत्यक्ष सहभागी भएर सामग्री सङ्कलनमा क्षेत्रीय विधिअवलम्बनगरिएको छ। सामग्री सङ्कलनका क्रममा स्थलगत भ्रमण,

छलफल तथा अन्तर्क्रिया, अन्तरवार्ता र अवलोकन आदि कार्य आवश्यकता अनुसार अवलम्बन गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोध तयार गर्दा **अन्नपूर्ण पोष्ट**दैनिकले समेटेकोगद्य साहित्यको मात्र अध्ययन भएको हुँदा यस दैनिकले पुऱ्याएको योगदानको चर्चा गरिएको छ । अध्ययनको क्रममा वि.सं. २०५९-२०६३ सम्म प्रकाशित गद्य साहित्यको विवरणात्मक अध्ययनलाई मात्र यसमा समावेश गरिएको छ । विवरणात्मक अध्ययनका क्रममा आवश्यक ठाउँमा तालिका प्रस्तुत गरी  सामान्य विश्लेषणात्मकविधिको प्रयोग गरिएको छ ।

## १.८. शोधको रूपरेखा

प्रस्तुत शोध प्रबन्धलाई सुव्यवस्थित रूपमा सम्पन्न गर्न निम्नानुसार अध्यायहरूमा विभाजित गरी विवरणात्मक रूपमा अध्ययन गरिएको छ ।

१. अध्याय एक : शोध परिचय

२. अध्याय दुई : **अन्नपूर्ण पोष्ट**दैनिकमा प्रकाशित विधागत रचनाहरूको विवरण

३.अध्याय तीन :उपसंहार

परिशिष्ट खण्ड

**सन्दर्भ सामग्री**

# अध्यायदुई

## **अन्नपूर्ण पोष्ट**दैनिकमा प्रकाशित विधागत रचनाहरूको विवरण

### २.१ विषय प्रवेश

**अन्नपूर्ण पोष्ट** दैनिकमा वि.सं. २०५९ देखि २०६३ सालसम्म प्रकाशित गद्य रचनाहरूको विवरणात्मक अध्ययन यस शोधमा गरिएको छ । पाँच वर्षमा प्रकाशित गद्य विधाका कथा, समीक्षा तथा समालोचना, उपन्यास र उपन्यास अंश, निबन्ध,अनुवाद र नाटकको विवरण यस अध्यायमा प्रस्तुत गरिएको छ। सङ्ख्यात्मक रूपमा २०५ ओटा कथा, १९५ ओटासमीक्षा तथा समालोचना, १९० ओटा उपन्यास अंश, तेत्तिसओटा निबन्ध, दुईओटा अनुवाद साहित्य र एकओटा नाटकको विवरण प्रस्तुत गरिएको छ।

### २.१.१विधागत रचनाहरूको स्थिति

वि.सं. २०५९ देखि २०६३ सालसम्म **अन्नपूर्ण पोष्ट** दैनिकमा प्रकाशित कथा, लघुकथा र बालकथाको विवरण यस अध्ययनमा गरिएको छ। पाँच वर्षको अवधिमा विभिन्न लेखकका २०५ ओटा कथाहरू यस दैनिकमा प्रकाशित भएका छन् । साहित्यमा सबैभन्दा बढी पढिने आख्यान अन्तर्गत पर्ने कथालाई यस दैनिकले महत्त्वका साथ स्थान दिएको छ। यस अवधिमा स्थापित लेखकदेखि नव सर्जकसम्मका कथा सिर्जनालाई पत्रिकाले प्रकाशनका लागि प्राथमिकताका साथ ठाउँ दिएर अतुलनीय योगदान पुऱ्याएको छ। यस अवधिमा सन्ताउन्नओटा कथा, सतसठ्ठीओटा लघुकथा र एकासीओटा बालकथा प्रकाशित भएका छन् । सबै खाले पाठकका लागि विभिन्न स्वादका कथाहरू पत्रिकामा छापिएका छन् । पछिल्लो समयमा चर्चित र निकै रुचाइएको लघुकथा विधालाई यस दैनिकले निकै महत्त्व दिएको छ। यस दैनिकमा पाँच वर्षको अवधिमा छापिएका विभिन्न सतसठ्ठीओटा लघुकथा विभिन्न विषयसँग सम्बन्धित रहेका छन् । केही कथाहरू व्यङ्ग्यात्मक, केही हास्यप्रधान, केही समाज सुधारमा केन्द्रित, केही मनोरञ्जन, केही शिक्षाप्रद, केही तिलस्मी, केही ऐयारी, केही सत्य कथा र केही अतिरञ्जनात्मक प्रवृत्तिका रहेका छन् ।

साहित्यिक दृष्टिले महत्त्वपूर्ण मानिएको समालोचना समीक्षा र पुस्तक चर्चालाई समेत यस **अन्नपूर्ण पोष्ट** दैनिकले समेटेको छ । आफ्नो प्रकाशनमा साहित्यिक विधाको प्रकाशन गर्ने क्रममा वि.सं. २०५९ देखि २०६३ सम्मको अवधिमा चौँतीस जना समीक्षक

समालोचकका छैसठ्ठीओटा समालोचना तथा समीक्षाहरू यस अवधिमा प्रकाशित भएका छन् । स्थापित समीक्षक समालोचकदेखि नयाँ समालोचकका समालोचना तथा समीक्षाहरू यस अवधिमा प्रकाशित भएका छन् । उपन्यास, कथासङ्ग्रह, महाकव्य, यात्रा संस्मरण सङ्ग्रह, कृति समीक्षा, निबन्ध सङ्ग्रह, नियात्रा सङ्ग्रह आदि कृतिहरूमा केन्द्रित पुस्तक चर्चा र विभिन्न विधाका समालोचना तथा समीक्षाहरू यस अवधिमा यस पत्रिकामा प्रकाशित भएको पाइन्छ । तिनै समालोचनाहरू पाँच वर्षको अवधिमा विभिन्न अङ्कमा प्रकाशित भएका छन् । नाम नखुलाएर यस अवधिमा १२९ जना समीक्षकहरूले उपन्यास, कथासङ्ग्रह, महाकव्य, यात्रासंस्मरण सङ्ग्रह, कृति समीक्षा, निबन्ध सङ्ग्रह नियात्रा सङ्ग्रह आदि कृतिहरूमा केन्द्रित रहेर विभिन्न विधाका समालोचना तथा समीक्षाहरू प्रकाशित गरेका छन् ।

**अन्नपूर्ण पोष्ट** दैनिक पत्रिकामा वि.सं २०५९ देखि २०६३ सालसम्म धारावाहिक रूपमा जम्मा तीनजना उपान्यासकारहरूका पाँचओटा उपन्यास प्रकाशित भएका छन् । यस अवधिमा डायमन्ड शमशेरको ‘सेतो बाघ’, पारिजातको ‘शिरीषको फूल’ र ‘अनिदो पहाडसँगै’ उपन्यास धारावाहिक रूपमा पूर्ण प्रकाशित भएका छन् भने पारिजातकै ‘परिभाषित आँखाहरू’ र गोविन्दबहादुर मल्ल गोठालेको ‘पल्लो घरको झ्याल’अपूर्ण रूपमा प्रकाशित भएका छन् ।

वि.सं. २०५९ सालदेखि वि.सं २०६३ सालसम्म पाँच वर्षको अवधिमा यस **अन्नपूर्ण पोष्ट** दैनिक पत्रिकामा प्रकाशित भएका निबन्धहरूको अध्ययन यसमा गरिएको छ । सङ्ख्यात्मक रूपमा निबन्धहरू कम प्रकाशित भएपनि विधागत रूपमा प्रकाशित निबन्धहरू यस अवधिमा पाठकको रुचि र समय सापेक्ष साहित्यिक हिसाबले अध्ययन गर्नका लागि समय सान्दर्भिक रहेका छन् । पाँच वर्षको अवधिमा यस दैनिकमा छापिएका तेत्तिसओटा निबन्धहरू निबन्ध भित्र पर्ने आयामका दृष्टिले यात्रा संस्मरणात्मक, यात्रापरक, नियात्रापरक निबन्धका उपभेदहरू पनि यसैमा समावेश गरिएको छ ।

**अन्नपूर्ण पोष्ट** दैनिकमा वि.सं. २०५९ देखि २०६३ सालसम्ममा जम्मा दुईओटा अनुवाद साहित्य प्रकाशित देखिन्छन् ।सङ्ख्यात्मक रूपमा अनुवाद साहित्य कम प्रकाशित भएका छन् । विधागत रूपमा अनुवाद साहित्यको प्रकाशनले यसको उपस्थिति मात्र जनाएको छ ।

वि.सं. २०५९ सालबाट प्रकाशन सुरु गरेको **अन्नपूर्ण पोष्ट**दैनिकले आफ्नो प्रकाशनको पाँच वर्षको अवधिमा एउटा मात्र नाटक प्रकाशन गरेको छ । सायित्यिक विधा अन्तर्गत दृश्य र रङ्गमञ्च प्रयोगलाई महत्त्व दिइने नाटकलाई पनि पत्रिकाले प्रकाशनमा स्थान दिएको छ । यस अवधिमा एकजना मात्र लेखकको 'सनइ रोइरहेछ' पूर्णाङ्की नाटक प्रकाशन पत्रिकाले गरेको छ ।

## २.१.२**अन्नपूर्ण पोष्ट** दैनिकमा प्रकाशित कथाहरूको विषयवस्तु र विवरण

यस दैनिकमा पाँच वर्षको अवधि वि.सं. २०५९ देखि २०६३ सम्ममा छापिएका केही कथाहरू स्थापित लेखकका उत्कृष्ट रहेका छन् । जस्तो मनु ब्राजाकीको अघिअघि नारी पछिपछि पुरुष, बासु मार्मिकको को भन्दा को कम, कृष्ण धराबासीको पाठकको अदालतमा मिसिल नं. १ मुद्धा, विमल भौकाजीको पातली र त्यो गरिब केटा, इन्द्रकुमार श्रेष्ठ सरितको यो पनि एउटा सत्य शीर्षकका उत्कृष्ट कथा प्रकाशित भएका छन् । अन्य नव सर्जकहरूका पनि केही उत्कृष्ट कथा प्रकाशित भएका छन् । किशोर पहाडीको आधुनिक बाल्मीकि, उषाश्रेष्ठको प्रशिक्षित मातृत्व, गणेशकुमार पौडेलको वार्ता कथा पनि उत्कृष्ट रहेका छन् । केही कथाकारहरूका मनोविश्लेषणत्मक, प्रगतिवादी, आदर्शवादी, यौनमनोविश्लेषणवादी कथाहरू यस अवधिमा प्रकाशित देखिन्छन् ।

कथाकारले समसामयिक विषयवस्तु, घटना, विचार, वर्तमान परिवेश र सन्दर्भमा अधिकांश कथाहरू लेखेका छन् । यस्ता कथाहरू समाजमा चेतना जगाउन, मनोरञ्जन प्रदान गर्न, समाज सुधार, नारी चेतना, समाजमा विद्यमान शोषण, दमन, अत्याचार र भ्रष्टाचार निवारण गर्न सन्देश दिने खालका छन् । केही कथाहरू ऐयारी, जादु, तिलस्मी र अतिरञ्जनात्मक समेत रहेका छन् । प्रायः छोटा र एक बसाइँमा नै पढेर सकिने खालका प्रकाशित कथाहरू साहित्यिक दृष्टिले केही ओजपूर्ण रहेपनि केही कथाहरू भने समान्य नै रहेका छन् । कथाका तत्त्वहरूलाई ध्यान दिएर लेखिएका केही कथाहरू उत्कृष्ट छन् भने केही कथाहरू सामन्य खालका छन् । पाठकलाई केही समय ध्यान केन्द्रित गरे पनि कतिपय कथाहरू पढ्दै जाँदा अकथा जस्ता देखिन्छन् । कथाका आधारभूत तत्त्वलाई समेत वास्ता नगरी लेखिएका यस्ता कथा लेख्नका लागि लेखिएका र पत्रिकामा छाप्नका लागि छापिएका जस्ता देखिन्छन् । कतिपय कथाहरू भने सामाजिक, ऐतिहासिक, राजनीतिक, धार्मिक, गरिबी, शोषण दमन, अत्याचार, भेदभाव, कुसंस्कार, कुरीति,कथाका पात्रमा मानसिक

कुण्ठालगायतका विषवस्तुलाई समेटिएर लेखिएका छन् । यस अवधिका छापिएका कतिपय नव सर्जकका कथाहरू भने समान्य खालका रहेका छन् । सामान्य पाठकदेखि बौद्धिक दुवै खाले पाठकका लागि अध्ययन गर्न मिल्ने खालका कथाहरू यस अवधिमा प्रकाशित देखिन्छन् । सामन्य विषयवस्तु, कम ओज भएका यस्ता कथाहरू हास्यप्रधान व्यङ्ग्य कम, काल्पनिक, अतिरञ्जनात्मक, ऐयारी, जादू र तिलस्मी खालका रहेका छन् । केही कथाहरू दन्त्य कथा जस्ता पनि देखिन्छन् ।

पत्रिकाले बालबालिकाको चौतर्फी विकासको लागि ध्यान दिँदै बालकथा पनि प्रकाशित गरेको पाइन्छ । विशेष गरी बालबालिकाहरूका लागि मध्येनजर राखी लेखिएका र प्रकाशन गरिएका यस्ता कथाहरू बालशुलभ, सरलता, रमाइला र मनोरञ्जन दिने खालका रहेका छन् । बालबालिकाहरूको चौतर्फी विकासको लागि सहयोग पुऱ्याउने यस्ता कथाहरू मनरञ्जनसँगसँगै ज्ञानवर्द्धक समेत रहेका छन् । यस अवधिमा प्रकाशित अर्पण घिमिरेको अटेरीको दुर्दशा, कल्पना प्रधानको बाँदर्नी मैयाको कथा, गंगा विसीको धनबहादुरको धन, संगम बगालेको छोरा छोरी समान,सविना सिन्धुको एन्थोनको तनहूँ नाच्ने विरालो, सहदेव केसीको माइली बज्यै, सागरमणि थापाको भालु र केटो रमाइला कथाहरू रहेका छन् । सागरराज सुवेदीको पैसाको सदुपयोग, सानुराजा अञ्जानको फर्सीको कथा, छुकछुके रोहण, सिर्जना मानान्धरको असल बालक, सीता शर्माको रनेको मेहनत, सुदर्शन अधिकारीको गंगाको सहयोग र ज्ञानी सुनयना तथा शुलभ शीर्षकका कथाहरू पनि रमाइला नै रहेका छन् ।

यसअवधिमा प्रकाशित अधिकांश कथाहरू बालबालिकाले बढी रुचाउने खालका रमाइला, जादू, हास्यप्रधान र ज्ञानबर्द्धक रहेका छन् । कतिपय कथाहरू बौद्धिक खालका पनि प्रकाशित देखिन्छन् भने कतिपय कथाहरू बालबालिकाको आनीबानी सुधार गर्न प्रेरणा दिने खालका समेत रहेका छन् । फोहोर खानेकुरा खान हुँदैन, सरसफाईमा ध्यान दिनुपर्छ, आफूभन्दा ठूलालाई आदार सम्मान गर्नुपर्छ, सानालाई माया गर्नुपर्छ, घरको काममा सहयोग गर्नुपर्छ भन्ने सन्देशमूलक विशेषता बोकेका कथाहरू पनि यस अवधिमा प्रकाशित देखिन्छन् । समयको महत्व दर्शाउने खालका कथाहरू पनि पत्रिकामा छापिएका छन् । बालबालिको ध्यान केन्द्रित गर्न कथा सुहाउँदो चित्र, तस्बिर, कार्टुन पनि कथा भित्रै राखिएका कतिपय कथाहरू बालबालिकाहरूले पछिसम्म तिनै प्रतिबिम्ब सम्झेर कण्ठस्थ बताउने समेत गरेका

छन् । तस्बिर आफै बोल्छ भनेझैँ कतिपय यस्ता बालकथाहरू चित्र र तस्बिरबाटै बालबालिकाहरूको मन छुन सफल भएका छन् । बालबालिकाको रुचि अनुसारका विभिन्न विशेषता बोकेका यस्ता कथाहरू पत्रिकाले छाप्ने गरेको देखिन्छ ।

बालबालिकालाई मध्येजर राख्दै उनीहरूले क्षमता अभिवृद्धि गर्न बालकथा, दन्त्य कथासँगसँगै ज्ञानवर्द्धक कथाहरू पनि पत्रिकाले यस अवधिमा प्रकाशित गरेर बाल पाठकहरूको समेत मन जित्ने प्रयास गरेको छ । पत्रिकाले आफ्नो प्रकाशनमा सबैखाले पाठकलाई समेट्दै पाठकका रुचि अनुरूपका विषयवस्तु दिनमा कुनै कसर बाँकी राखेको छैन । बालबालिकाले अत्यन्तै मन पराउने कथा अरूको मुखबाट भनेको सुन्नु भन्दा आफ्नै आँखाले पढेर ज्ञान लिन सकून भन्ने उद्देश्यले बालकथाहरू पत्रिकामा प्रकाशित भएको देखिन्छ ।

वि.सं २०५९ सालदेखि वि.सं २०६३ सालसम्मको अवधिमा लेखकको वर्णानुक्रमका आधारमा **अन्नपूर्ण पोष्ट** दैनिक पत्रिकामा प्रकाशित भएका कथा तथा लघुकथाहरू विभिन्न लेखकहरूको नामको वर्णानुक्रमका आधारमा प्रकाशन भएको वर्ष, महिना, गते, पृष्ठ, अङ्कसहितको विवरणलाई तल प्रस्तुत गरिन्छ ।

**तालिका सङ्ख्या १**

| क्र.स. | कथाकारको नाम | कथाको शीर्षक | वर्ष | अङ्क | मिति | पृष्ठ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | अगिब बनेपाली | अन्तिम आग्रह | २ | १६१ | २०६०/०६/२४ | ११ | लघुकथा |
| २. | | निर्णय | ३ | ३७ | २०६१/०२/२३ | ७ | लघुकथा |
| ३. | | भूकम्प | ४ | ५६ | २०६२/०३/११ | ७ | लघुकथा |
| ४. | अच्युतरमण अधिकारी | म को हुँ थाह छ ? | ४ | ३१२ | २०६२/११/२७ | ७ | लघुकथा |
| ५. | | हाजिर खोइ त ? | ४ | ८३ | २०६३/०४/०६ | ७ | लघुकथा |
| ६. | अर्पणा घिमिरे | अटेरीको दुर्दशा | २ | ११५ | २०६०/०५/०६ | ७ | लघुकथा |
| ७. | अभिमन्यु शर्मा | सुगा पर्‍यो पिजरामा | ५ | ६ | २०६३/०१/२३ | ७ | लघुकथा |
| ८. | | बचेरा र रामु | ५ | ९७ | २०६३/०४/२० | ७ | लघुकथा |
| ९. | अरुणबहादुर खत्री नदी | वकिलको पैसा | १ | २८३ | २०५९/११/१७ | ७ | लघुकथा |
| १०. | | टाउको दुखाइको रहस्य | २ | ८७ | २०६०/०४/१० | ६ | लघुकथा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११. | | मौनताको अर्थ | २ | २५२ | २०६०/०९/२६ | ७ | लघुकथा |
| १२. | | सासूको हेरचाह | ३ | ६५ | २०६१/०३/१९ | ७ | लघुकथा |
| १३. | | चोरीको अपराधबाट बच्न हत्या | ३ | ६५ | २०६१/०३/१९ | ७ | लघुकथा |
| १४. | | पछुतो | ३ | २५७ | २०६१/१०/०२ | ७ | लघुकथा |
| १५. | | पढेकी केटी | ३ | ३५५ | २०६१/०१/१० | ९ | लघुकथा |
| १६. | | पानी नचल्ने | ४ | २१ | २०६२/०२/०४ | ७ | लघुकथा |
| १७. | | जागिर | ४ | १६६ | २०६२/०६/२९ | ७ | लघुकथा |
| १८. | | सहुलियत | ४ | ३३३ | २०६२/०६/२९ | ७ | लघुकथा |
| १९. | | निम्तो | ५ | २२७ | २०६३/०९/०१ | ७ | लघुकथा |
| २०. | अरुण पौडेल | अचेतन | ३ | २५० | २०६१/०९/२४ | ७ | कथा |
| २१ | अशोकप्यासी राई | उडायो सपना सबै हुरीले | ३ | १६४ | २०६१/०६/२४ | ५ | कथा |
| २२. | | रेष्टुराँ, सुरा र सुन्दरी | ३ | १८३ | २०६१/०७/१५ | ७ | कथा |
| २३. | | आवेश | ४ | १५ | २०६२/०२/२४ | ७ | कथा |
| २४. | अश्रु सिन्धुलीय | संझना | २ | ३२२ | २०६०/१२/०७ | ७ | लघुकथा |
| २५. | | साथी | ४ | ३५ | २०६२/०२/२१ | ७ | लघुकथा |
| २६. | इन्द्रकुमार श्रेष्ठ सरित | यो पनि एउटा सत्य | १ | ३३९ | २०६०/०१/१३ | ७ | लघुकथा |
| २७. | | मानसिकता | ३ | ३५५ | २०६२/०१/१० | ९ | लघुकथा |
| २८. | उषा श्रेष्ठ | प्रशिक्षित मातृत्व | ३ | २४३ | २०६१/०९/१७ | ७ | कथा |
| २९. | कल्पना प्रधान | अजिङ्गरको आहारा | १ | ३३९ | २०६०/०१/१३ | ७ | कथा |
| ३०. | | बाँदर्नी मैयाको कथा | ४ | १७३ | २०६२/०७/०५ | ७ | बालकथा |
| ३१. | कार्तिकेय घिमिरे | फूलमती र बाढी | ३ | २०१ | २०६१/०८/०५ | १२ | कथा |
| ३२. | किशन थापा अधीर | हेर्न नचाहेको पक्ष | १ | २६२ | २०५९/१०/२५ | ६ | बालकथा |
| ३३. | | बाहिरी ग्रहको मान्छे | १ | २६२ | २०५९/१०/२५ | ६ | बालकथा |
| ३४. | | कला प्रोत्साहन | १ | २६२ | २०५९/१०/२५ | ६ | बालकथा |
| ३५. | | स्वयम्भूको जवाफ | १ | २६२ | २०५९/१०/२५ | ६ | बालकथा |
| ३६. | | देवता प्रेमको शर्त | १ | २६२ | २०५९/१०/२५ | ६ | बालकथा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३७. | | खेल | १ | २६२ | २०५९/१०/२५ | ६ | बालकथा |
| ३८. | | तीतो | १ | २६२ | २०५९/१०/२५ | ६ | बालकथा |
| ३९. | किशोर पहाडी | आधुनिक वाल्मीकि | १ | २३४ | २०५९/०९/२७ | ७ | कथा |
| ४०. | कृष्ण धराबासी | पाठकको अदालतमा मिसिल नं. १ मुद्दा | ४ | १८० | २०६२/०७/१२ | ७ | कथा |
| ४१. | केदार आचार्य | लुकेका पहाडहरू | ५ | २१३ | २०६३/०७/२५ | ८ | बालकथा |
| ४२. | | वर पीपल र चौतारी | ५ | ३३९ | २०६३/१२/२४ | ७ | बालकथा |
| ४३. | खिमानन्द पोखेल | पुतली | ५ | १३२ | २०६३/०५/२४ | ८ | बालकथा |
| ४४. | गंगा विसी | धनबहादुरको धन | ४ | २१४ | २०६२/०८/१८ | ८ | बाल कथा |
| ४५. | गणेशकुमार पौडेल | वार्ता | ४ | २०० | २०६२/०७/२६ | ७ | बालकथा |
| ५६. | गणेश बोहोरा | असल साथी | ५ | २० | २०६३/०२/०६ | ७ | बालकथा |
| ५७. | गीता केशरी | अर्ध सत्य | १ | २२७ | २०५९/०९/२० | ७ | कथा |
| ५८. | गोपालकृष्ण आचार्य | रहर | २ | ५२ | २०६०/०३/१४ | ७ | लघुकथा |
| ५९. | | लाले र गोरे | २ | २५२ | २०६०/०९/२६ | ७ | लघुकथा |
| ६०. | गोराबहादुर सिँह | खरायो र कछुवाको दौड | ३ | ३० | २०६१/०२/१६ | ७ | लघुकथा |
| ६१. | गोविन्द गिरी प्रेरणा | शर्मिला र मेनुका | १ | २४८ | २०५९/१०/११ | ७ | कथा |
| ६२. | घनश्याम प्याकुरेल | अन्धविश्वास | ४ | १४० | २०६२/०६/०१ | ७ | लघुकथा |
| ६३. | चन्दन गुप्ता | दलित केटी | ५ | १११ | २०६३/०५/०३ | ७ | बालकथा |
| ६४. | | तीन असल साथी | ५ | २९० | २०६३/११/०५ | ७ | बाल कथा |
| ६५. | जलेश्वरी श्रेष्ठ | भ्रुण रक्षा | १ | ३३२ | २०६०/०१/०६ | ७ | कथा |
| ६६. | जीके आचार्य | परीसँग राजकुमारको विहे | ३ | १४९ | २०६१/०६/०९ | ७ | बालकथा |
| ६७. | जीवन शर्मा | राजाको खुत्रुके | ४ | २०० | २०६२/०८/०४ | ८ | बालकथा |
| ६८. | | अनुजाको अभियान | ४ | ३४० | २०६२/१२/२६ | ७ | लघुकथा |
| ६९. | | जनाबरको स्वीमङ पुल | ५ | ३४ | २०६३/०२/२० | ७ | बालकथा |
| ७०. | जे बी खत्री | भीड | २ | ६५ | २०६१/०३/१९ | ७ | लघुकथा |
| ७१. | जोतारे धाइवा | जाडो विदा | २ | २४५ | २०६०/०९/१९ | ७ | कथा |
| ७१. | | सेलीको स्वेटर | ५ | २२७ | २०६३/०९/०१ | ८ | बालकथा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७२. | ज्ञाननिष्ठ ज्ञवाली | विशाल र रीताको सफलता | ५ | १२५ | २०६३/०५/१७ | ७ | बालकथा |
| ७३. | दर्शन दिनेश | सनिली | ४ | ३१२ | २०६२/११/२७ | ७ | लघुकथा |
| ७४. | देवेन्द्र अर्याल आँसु | परिणाम | ४ | २७७ | २०६२/१०/२२ | ७ | लघुकथा |
| ७५. | | आँसु | ५ | ३३२ | २०६३/१२/१७ | ७ | लघुकथा |
| ७६. | ध्रुवकिरण रेग्मी | दरिद्रताको परिवेश | ४ | २०० | २०६२/०८/०४ | ७ | लघुकथा |
| ७७. | ध्रुव मधिकर्मी | चंगा | ४ | २७७ | २०६२/१०/२२ | ७ | लघुकथा |
| ७८. | | अन्धाधुन्द दौड | ४ | ३३३ | २०६२/१२/१९ | ७ | लघुकथा |
| ७९. | | घर झगडा | ५ | ९७ | २०६३/०४/२० | ७ | बालकथा |
| ८०. | नवराज पुडासैनी | मारिएको मान्छे | २ | ८० | २०६०/०४/०३ | ७ | लघुकथा |
| ८१. | नवराज रिजाल | किंवदन्ती | २ | ३२२ | २०६०/१२/०७ | ७ | लघुकथा |
| ८२. | | सोमलालको घर | ३ | २२९ | २०६१/०९/०३ | ७ | बालकथा |
| ८३. | | सम्बन्ध | ३ | ३५५ | २०६१/०१/१० | ९ | लघुकथा |
| ८४. | | विषय | ४ | २२८ | २०६२/०९/०२ | ७ | लघुकथा |
| ८५. | | स्वाद | ५ | ११८ | २०६३/०५/१० | ७ | लघुकथा |
| ८६. | | कर्मको फल | ५ | १७८ | २०६३/०७/११ | ७ | बालकथा |
| ८७. | निलम कार्की निहारिका | दृश्यहरू | २ | ३३६ | २०६०/१२/२० | ७ | कथा |
| ८८ | | जन्मिन नपाएका नारीहरू | ३ | २०१ | २०६१/०८/०५ | १२ | कथा |
| ८९. | पदमराज जोशी | सँगै मर्ने सँगै जिउने भन्नेले ज्यान लिएपछि | ३ | ५२ | २०६१/०३/१९ | ७ | लघुकथा |
| ९०. | पदमविक्रम शाही | घिउ र महको करामत | ३ | २५७ | २०६१/१०/०२ | ७ | लघुकथा |
| ९१. | पद्ममावती सिँह | अनुभूति प्रश्न | १ | ३२५ | २०५९/१२/२९ | ७ | लघुकथा |
| ९२. | पसाङ शेर्पा | जीवन अनित्य छ मृत्यु सत्य | २ | ८७ | २०६०/०४/१० | ७ | कथा |
| ९३. | प्रकाश शर्मा | सीमाको सुगा | १ | २६२ | २०५९/१०/२५ | ६ | बालकथा |
| ९४. | प्रणय पासा | लुकेको नेपाल | ३ | ७९ | २०६१/०४/०२ | ७ | कथा |
| ९५. | प्रतिरोध कार्की | वाहा निरुमा | २ | २४ | २०६०/०२/१० | ७ | कथा |
| ९६. | प्रतीक प्रधान | घमण्डी भंगेरी | ४ | ८४ | २०६२/०४/०८ | ८ | बालकथा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९७. | प्रदीप प्रधान | चलाख मुसा | २ | ३२९ | २०६०/१२/१४ | ७ | बालकथा |
| ९८. | | काली बाखी | ३ | ३५५ | २०६२/०१/१० | ९ | बालकथा |
| ९९. | | साहसी जलवीरे | ४ | ४९ | २०६२/०४/०८ | ८ | बालकथा |
| १००. | प्रभा भट्टराई | यस्तो पो दशैं | ५ | १४६ | २०६३/०६/०७ | ७ | कथा |
| १०१. | प्रमिला कार्की | म नेता होइन | २ | १६८ | २०६०/०७/०१ | ८ | कथा |
| १०२. | प्रयास सौरभ श्रेष्ठ | कुरा | २ | ३ | २०६०/०१/२० | ७ | लघुकथा |
| १०३. | | अधिकार | २ | ३ | २०६०/०१/२० | ७ | लघुकथा |
| १०४. | | रातो सिरिञ्ज | २ | १७५ | २०६०/०७/०८ | ७ | कथा |
| १०५. | भाग्यशाली अधिकारी | बाध्यता | ४ | ३५ | २०६२/०२/२१ | ७ | लघुकथा |
| १०६. | | मनको खुशी | ४ | १०५ | २०६२/०२/२१ | ८ | बालकथा |
| १०७. | | लुरी पनि पढ्न जान थाली | ४ | ३२६ | २०६२/१२/१२ | ७ | बालकथा |
| १०८. | | पण्डितका छोरा डाक्टर भए | ५ | १०४ | २०६३/०४/२७ | ७ | बालकथा |
| १०९. | | अशिक्षाको कारण भुरीले थाहा पाई | ५ | १५८ | २०६३/०६/२१ | ८ | बालकथा |
| ११०.. | | मूर्ख हुँदाको परिणाम | ५ | २३४ | २०६३/०९/०८ | ७ | लघुकथा |
| १११. | भावना शर्मा | प्रेमको पर्खालभित्र | २ | २४५ | २०६०/०९/१९ | ७ | बालकथा |
| ११२. | | एक विक्षिप्त साँझ | ३ | १३५ | २०६१/०५/२६ | ७ | बालकथा |
| ११३. | भीम राना जिज्ञासू | बहुला | ४ | ३३३ | २०६२/१२/१९ | ७ | लघुकथा |
| ११४. | | जमाना | ५ | ११८ | २०६३/०५/१० | ७ | लघुकथा |
| ११५. | | अर्न्तघात | ५ | २६९ | २०६३/१०/१३ | ७ | लघुकथा |
| ११६. | मधुसूदन घिमिरे | टिपीरहन नपर्ने फूल | २ | ३८ | २०६०/०२/२४ | ७ | कथा |
| ११७. | | मंगलेले त नमस्कार पो गऱ्यो | २ | ५९ | २०६०/०३/१४ | ७ | बालकथा |
| ११८. | | साथीको खोजी | २ | १८२ | २०६३/०७/१५ | ८ | बालकथा |
| ११९. | | आमा छोरी | २ | २३१ | २०६०/०९/०५ | ८ | बालकथा |
| १२०. | | विरालको जन्म | २ | २८७ | २०६०/११/०२ | ८ | बालकथा |
| १२१. | | चुलवुले बाच्छी | ३ | ३० | २०६१/०२/०६ | ७ | बालकथा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२२. | | एम्बुलेन्स | ३ | १२८ | २०६१/०५/१६ | ७ | बालकथा |
| १२३. | मनलक्ष्मी बस्नेत | राजु र भंगेरो | २ | ३०१ | २०६०/११/१६ | ७ | बालकथा |
| १२४. | मनिस खरेल | झूटो बोल्यो कि पोल्यो | ४ | २४२ | २०६२/०९/१६ | ७ | बालकथा |
| १२५. | | बल्ल आँखा खुल्यो | ४ | ३०५ | २०६२/११/२० | ७ | बालकथा |
| १२६. | मनिस पोखेल | आखिर ठूलो को ? | ४ | १९३ | २०६२/०७/२६ | ७ | बालकथा |
| १२७. | | खसी चोरको विजोग | ५ | ७६ | २०६३/०३/३१ | ७ | बालकथा |
| १२८. | मनु ब्राजाकी | अघिअघि नारी पछिपछि पुरुष | ५ | २४१ | २०५९/१०/०४ | ७ | कथा |
| १२९. | | उल्लू र उज्यालोको यथार्थ | १ | ३०४ | २०५९/१२/०८ | ६ | बालकथा |
| १३०. | रञ्जु मार्ग | भाञ्जीको भाइ | ५ | २४८ | २०६३/०९/२२ | ७ | लघुकथा |
| १३१. | रविराज बराल | मौनता | ५ | २८३ | २०६३/१०/२७ | ७ | लघुकथा |
| १३२. | राजकुमार भट्टराई | जुका | २ | १६८ | २०६०/०७/०१ | ८ | कथा |
| १३३. | राजेन्द्र श्रेष्ठ | धनको लोभले खरानी पारेको जीवन | ३ | २५८ | २०६१/१०/०२ | ८ | कथा |
| १३४. | रामगोपाल आषुतोस | अन्तिम हड्ताल | २ | ९४ | २०६०/०४/१७ | ७ | लघुकथा |
| १३५. | रामप्रसाद पन्त | दोहोरो व्यापार | १ | ३१८ | २०५९/१२/२२ | ७ | लघुकथा |
| १३६. | रेणूका भट्ट | विमोचन समारोह | ४ | ३५ | २०६२/०२/२१ | ७ | कथा |
| १३७ | | राधा र गौँथेली | ४ | ११९ | २०६२/०५/११ | ८ | बालकथा |
| १३८. | रोशन थापा नीरव | विकल्प | १ | २२० | २०५९/०९/१३ | ७ | कथा |
| १३९. | लक्ष्मी थापा | बिग्रिएको जिन्दगी भत्किएको घर | ३ | ७२ | २०६१/०३/२६ | ८ | बालकथा |
| १४०. | वासु मार्मिक | को भन्दा को कम | ३ | ६५ | २०६१/०३/१९ | ७ | लघुकथा |
| १४१. | विनय कसजू | झ्यापुल्लेको विजोग | ३ | १५६ | २०६१/०६/१६ | ७ | कथा |
| १४२. | विनिता महर्जन | फुच्चीको भाइटीका | २ | २०३ | २०६०/०८/०६ | ७ | कथा |
| १४३. | विमल भौकाजी | पातली | ३ | ११४ | २०६१/०५/०५ | ७ | कथा |
| १४४. | | त्यो गरिब केटो | ४ | ३५४ | २०६२/०१/०९ | ८ | बालकथा |
| १४५. | | कलम | ५ | ८३ | २०६३/०४/०६ | ७ | लघुकथा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४६. | | हरिकलाको चिन्ता | ५ | ३२५ | २०६३/१२/१० | ७ | बालकथा |
| १४७. | विवश पोखेल | उसले देश सम्झ्यो | १ | ३१८ | २०५९/१२/२२ | ७ | कथा |
| १४८. | विष्णुवहादर सिंह | आफ्नो विरानो | १ | ३३२ | २०६०/०१/०६ | ७ | कथा |
| १४९. | विष्णु राई | धुँवाको आकाश | १ | २८३ | २०५९/११/१७ | ६ | कथा |
| १५०. | डा. वीरेन्द्र समीर | जुक्ति | ४ | २७० | २०६२/१०/१५ | ७ | लघुकथा |
| १५१. | शकुन्तला खत्री | मर्यादा पुरुषोत्तम राम | ५ | १०४ | २०६३/०४/२७ | ७ | लघुकथा |
| १५२. | शङ्कर पन्त | इमान्दारिताको फल | २ | १२२ | २०६०/०५/१३ | ७ | बालकथा |
| १५३. | शशी लुसुम्बू | कारण नखुलेको आत्महत्या | २ | १७ | २०६०/०२/०३ | ७ | कथा |
| १५४. | शारदा थापा | चनमती र मनमती | ५ | २६२ | २०६३/१०/०६ | ७ | बालकथा |
| १५५. | | आगो र हिउँ | ५ | २९७ | २०६६/११/१२ | ७ | बालकथा |
| १५६. | शारदा मानान्तधर | वर्थ डे पार्टी | २ | ३३६ | २०६०/१२/२१ | ७ | बालकथा |
| १५७. | शारदारमण नेपाल | गौँथलीको गुँड | २ | २५९ | २०६०/१०/०३ | ८ | बालकथा |
| १५८. | शास्वत पराजुली | पुतलीको यात्रा | १ | ३०४ | २०५९/१२/०८ | ६ | बालकथा |
| १५९. | | अल्छी मुसा र कुखुराको कथा | २ | १६८ | २०६०/०७/१ | ८ | बालकथा |
| १६०. | | विचरो बुँख्याचा | २ | १८२ | २०६०/०७/१५ | ८ | बालकथा |
| १६१. | शिव अधिकारी | कालिका माइको प्रसादी | १ | २८३ | २०५९/११/१७ | ६ | लघुकथा |
| १६२. | शुशिला देउजा | प्रयासको पहिलो खुड्किलो | ५ | २७ | २०६३/०२/१३ | ७ | कथा |
| १६३. | शुशिला प्रधानाङ्ग | एकरातको फल | २ | ९४ | २०६०/०५/१७ | ८ | बालकथा |
| १६४. | | मित्रको कर्तव्य | ३ | ९ | २०६१/०२/०९ | ८ | बालकथा |
| १६५. | शोभाकान्त सुवेदी | पद्धति | २ | २५२ | २०६०/०९/२६ | ७ | लघुकथा |
| १६६. | श्याम भट्टराई | रारा तालको सेतो हाँस | ४ | १८६ | २०६२/०७/२९ | ७ | बालकथा |
| १६७. | श्रीओम श्रेष्ठ रोदन | स्वार्थ | १ | ३२५ | २०५९/१२/२९ | ७ | लघुकथा |
| १६८. | | स्वाद | १ | ३२५ | २०५९/१२/२९ | ७ | लघुकथा |
| १६९. | श्रीबाबु कार्की | विडम्बना | २ | २५२ | २०६०/०९/२६ | ७ | लघुकथा |
| १७०. | | आक्षेप | ५ | १३९ | २०६३/०५/३१ | ७ | लघुकथा |
| १७१. | संगम बगाले | छोरा र छोरी समान | ३ | २८५ | २०६१/११/०१ | ९ | बालकथा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७२. | संगीता अधिकारी | विडम्बना | ३ | १७० | २०६१/०६/३० | ७ | लघुकथा |
| १७३. | संगीता स्वेच्छा | अर्थहीन पत्रहरू | ५ | १४६ | २०६३/०६/०७ | ७ | कथा |
| १७४. | सनत सापकोटा | बाहिर भित्र | ३ | ३४८ | २०६२/०१/०३ | ९ | लघुकथा |
| १७५. | सपना महर्जन | सुगा र मैना | ३ | १७० | २०६१/०६/३० | ७ | कथा |
| १७६. | सम्पदा मल्ल | शून्यता | २ | २४ | २०६०/०२/१० | ७ | कथा |
| १७७. | | नलेखिएको चिठी | २ | ३५७ | २०६१/०१/१२ | ७ | कथा |
| १७८. | | पराधीन | ३ | ३० | २०६१/०२/१६ | ७ | कथा |
| १७९. | | विर्सजन | ३ | ७९ | २०६१/०४/०२ | ८ | बालकथा |
| १८०. | | एक्लो आकाश | ३ | १५६ | २०६१/०६/१६ | ७ | कथा |
| १८१. | | विवशता | ४ | १८० | २०६२/०७/१२ | ७ | कथा |
| १८२. | सविना सिन्धु | एन्थोनको तनहूँ नाच्ने विरालो | ५ | १८५ | २०६३/०७/१८ | ८ | बालकथा |
| १८३. | सहदेव केसी भरोसा | माइली बज्यै | २ | ८७ | २०६०/०४/१० | ८ | बालकथा |
| १८४. | सागरमणि थापा | भालु र केटो | ४ | ४ | २०६२/०१/२४ | ७ | बालकथा |
| १८५. | सागरराज सुवेदी | पैसाको सदुपयोग | ३ | ७९ | २०६१/०४/०२ | ८ | बालकथा |
| १८६. | साधना प्रतीक्षा | अन्त्यहीन वेदना | १ | २६२ | २०६१/१०/२५ | ६ | कथा |
| १८७. | सानुराजा अञ्जान | फर्सीको कथा | ५ | ५५ | २०६३/०३/१७ | ९ | बालकथा |
| १८८. | | छुकछुके रोहण | ५ | ५५ | २०६३/०३/१७ | २५ | बालकथा |
| १८९. | सिर्जना मानान्धर | असल बालक | ५ | १७२ | २०६३/०७/०४ | ७ | बालकथा |
| १९०. | सिर्जना शर्मा | झरी | ३ | १२८ | २०६१/०५/१९ | ७ | कथा |
| १९१. | सीता शर्मा | रनेको मेहनत | ३ | २९९ | २०६१/११/१५ | ९ | बालकथा |
| १९२. | सुदर्शन अधिकारी | गंगाको सहयोग | ३ | ९३ | २०६१/०४/१६ | ८ | बालकथा |
| १९३. | | मेहनतको फल | ३ | १२१ | २०६१/०५/०५ | ७ | कथाा |
| १९४. | | संगतको परिणाम | ५ | ५५ | २०६३/०३/०३ | ९ | बालकथा |
| १९५. | | ज्ञानी सुनयना र शुलभ | ५ | १९९ | २०६३/०८/०२ | ८ | बालकथा |
| १९६. | सुनिता सापकोटा | चित्रलेखा सुवेदीको हत्या | २ | ३१ | २०६०/०२/१७ | ७ | कथा |
| १९७. | सुभद्रा श्रेष्ठ | जनाबरहरुको परीक्षा | ५ | १३९ | २०६३/०५/३१ | ७ | बालकथा |
| १९८. | सुस्मिता नेपाल | उसले लामो हाइ काडी | २ | १० | २०६०/०१/२७ | ७ | कथा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९९. | सूर्य विसी | सजायँ | ५ | १६५ | २०६३/०६/२८ | ७ | बालकथा |
| २००. | | गल्तीको महसुस | ५ | २७६ | २०६३/१०/२० | ७ | बालकथा |
| २०१. | हिरण्य कुमारी पाठक | नयाँ गन्तव्य | २ | ६६ | २०६०/०३/२१ | ७ | कथा |
| २०२. | हिरा शर्मा | काफल पाक्यो | २ | २४ | २०६०/०२/१० | ७ | कथा |
| २०३. | हेमराज हितकर | विज्ञापनको मान्छे | ५ | ७६ | २०६३/०३/३१ | ७ | कथा |
| २०४. | होम शङ्कर बास्तोला | घाम लाएको दिन | ३ | २९९ | २०६१/११/१५ | ९ | कथा |
| २०५. | | उपहार | ४ | २७० | २०६२/१०/१५ | ७ | लघुकथा |

### २.१.३निष्कर्ष

वि.सं. २०५९ सालदेखि २०६३ सालसम्म **अन्नपूर्ण पोष्ट**दैनिक पत्रिकामा विभिन्न मितिमा प्रकाशित भएका कथा, लघुकथा र बालकथाको अध्ययन गर्दा यी कथाहरू साहित्यका अध्येताहरूका लागि उत्कृष्ट, मध्यम रसमान्य स्तरका देखिन्छन् । विषय वस्तुका दृष्टिले कथाहरू विभिन्न विषयसँग सम्बद्ध भएपनि समसामयिक घटना, परिवेश, वस्तुस्थिति लेखन शैलीमा कथाकारका आफ्नै विचारका कारण विविधता रहेका छन् । अधिकांश कथाहरू समसामयिक घटना, विषय, कथ्य र भाषा शैली सरल प्रकृतिका रहेका छन् । प्रकाशित कथाहरूमध्ये धेरै बालकथा र लघुकथा भएको हुँदा सरल प्रकृतिका कथाको प्रकाशन उल्लेख्य रूपमा रहेको छ । केही समान्य पाठकका लागि लेखिएका बालकथा, लघुकथा भए पनि केही कथाहरू भने विशिष्ट र बौद्धिक पाठकका लागि समेत पढ्न र बुझ्नका लागि उपयुक्त रहेका छन् । नाम चलेका स्रष्टाले लेखेका यस्ता कथाहरू बढी ओजिला र कथाको परिभाषाभित्र अट्ने खालका छन् । कथाकारको सचेतता, अभ्यास, निखारता र लगनशीलताले नयाँ स्रष्टाका पनि केही कथाहरू उत्कृष्ट रहेका छन् । कतिपय कथाहरू भने कथा लेख्नको लागि मात्र लेखिएका छन् । समसामयिक परिवेश, घटनाक्रम र विषयवस्तुका हिसाबले कथाहरू उत्कृष्ट नै रहेका छन् ।

## २.२ **अन्नपूर्ण पोष्ट**दैनिकमा प्रकाशित समीक्षा, समालोचना/पुस्तक चर्चा

**अन्नपूर्ण पोष्ट**दैनिकमा वि.सं.२०५९ देखि २०६३ सम्म पाँच वर्षको अवधिमा विभिन्न लेखक तथा समीक्षकहरूका समालोचना तथा समीक्षा प्रकाशित भएका छन् ।

समालोचनाको कोटीमा स्तरीय नभएपनि केही समीक्षा र समालोचनाहरू प्रवृत्तिगत हिसाबले सामन्य रहेका छन् । तिनीहरूको सङ्ख्या ६६ रहेको छ । समीक्षा गीत सङ्ग्रह, नियात्रा सङ्ग्रह, यात्रा संस्मरण सङ्ग्रह, कृति समालोचना, पुस्तक चर्चा, महाकाव्य समीक्षा, यात्राअनुभूतिलगायतका विषयमासमीक्षा गरिएपनि यी समान्य प्रवृत्ति र पुस्तक परिचय जस्ता मात्र देखिन्छन् ।

त्यसैगरी नाम नखुलेका समीक्षा समालोचना र पुस्तक चर्चा१२९ ओटा प्रकाशित भएका छन् । यस अवधिमा बाइसओटा कविता सङ्ग्रह, छब्बीसओटा कथा सङ्ग्रह, अठारओटा गजल सङ्ग्रह, छओटा गीत सङ्ग्रह, आठओटा निबन्ध सङ्ग्रहसँग सम्बन्धित समीक्षात्मक लेख प्रकाशित रहेका छन् ।

### २.२.१ **अन्नपूर्ण पोष्ट**दैनिकमाप्रकाशितसमीक्षा, समालोचना र पुस्तक चर्चाको विषयवस्तु र विवरण

विधागत रूपमा वि.सं. २०५९ देखि २०६३ सालसम्म **अन्नपूर्ण पोष्ट**दैनिक पत्रिकामा विभिन्न लेखक तथा समीक्षकहरूका ६६ ओटा समीक्षा समालोचना प्रकाशित रहेका छन् । अधिकांश समालोचना सामान्य प्रवृत्तिका पुस्तक चर्चा, टिप्पणीमूलक र लेख्नका लागि मात्र लेखिएका जस्ता देखिन्छन् । साहित्यका प्रायः सबै विधालाई समेटेर लेखिएका यस्ता समीक्षा तथा समालोचनाहरू एउटै लेखकका बाह्रओटासम्म समीक्षात्मक लेख प्रकाशित भएका छन् । जस्तो गोवर्द्धन पूजा, अशोकप्यासी राईका समालोचनात्मक लेखहरू बढी छापिएका छन् । यी बाहेक अन्य समीक्षकहरूका पनि पुस्तक चर्चा, कविता,गीत, सङ्ग्रह, नियात्रा सङ्ग्रह, यात्रा संस्मरण सङ्ग्रह, कृति समालोचना, पुस्तक चर्चा, महाकाव्य समीक्षा, यात्राअनुभूतिलगायतका उपभेदहरूमा पनि समीक्षा समालोचना प्रकाशित भएका छन् ।

त्यसैगरी नाम नखुलेका समीक्षा समालोचना र पुस्तक चर्चा यस पाँच वर्षको अवधिमा १२९ ओटा प्रकाशित भएका छन् । यस अवधिमा बाइसओटा कविता सङ्ग्रह, छब्बीसओटा कथा सङ्ग्रह, अठारओटा गजल सङ्ग्रह, छओटा गीत सङ्ग्रह, आठओटा निबन्ध सङ्ग्रहसँग सम्बन्धित समीक्षात्मक लेख प्रकाशित देखिन्छन् । केही समालोचना, मुक्तक सङ्ग्रह, महाकव्य, खण्डकाव्य, स्मृति ग्रन्थ, उपन्यास आदिको समीक्षा यस अवधिमा प्रकाशित देखिन्छन् । नेपाली साहित्यका विधा र आयामका दृष्टिले बौद्धिक पाठक र स्रोताका

लागि रुचिकर विषय मानिने समीक्षा/समालोचना विधामा प्रकाशित यस्ता खाले लेख समीक्षाले  पाठकका मन केही हदसम्म केन्द्रित गर्न सफल भएका छन् ।

साप्ताहिक रूपमा साहित्यिलाई समेट्ने यस **अन्नपूर्ण पोष्ट** दैनिक पत्रिकाले समालोचना समीक्षा लेख प्रकाशनमा प्राथमिकता दिएको पाइन्छ ।साहित्यमा बढी रुचि दिइने कथा, कविता, गजल विधालाई जस्तै यस विधालाई पनि प्राथमिकतामा राखेर समीक्षात्मक लेख प्रकाशित गरेको देखिन्छ । विषयगत दृष्टिले केही बौद्धिक पाठकले मन नपराएपनि समीक्षा/समालोचना अध्ययन गर्ने सिकारू पाठक तथा लेखकको मन जित्न भने यस्ता समीक्षा समालोचना सफल देखिन्छन् । स्थापित लेखकका चर्चित कृतिमाथिका समीक्षा पनि यस अवधिमा नाम नखुलेका समीक्षकबाट समीक्षा भएका छन् । जस्तो सरुभक्तको 'प्रयोगशालाभित्र' कविता सङ्ग्रहको त्यस्तै नवोदित र सिकारू लेखकका कृति समीक्षा पनि यस अवधिमा प्रकाशित भएका छन् । 'प्रयोगशालाभित्र', 'चहचह', 'संघारमा पर्खि बसे', 'नेपाली ताङ्का कविता', 'म कविता हेरिरहेछु', 'लाटकोसेरी कुर्लिएको बेला', 'पहाड बूढो', 'अन्तरद्वन्द्वका ज्वारभाटा' प्रभृत्तिका विविध विषयवस्तुलाई समेटेर रचना गरिएका कविता सङ्ग्रहहरूका समालोचना प्रकाशित देखिन्छन् । यी कविता सङ्ग्रहमा कुनैमा बिम्बमा जोड, कुनैमा भावमा, कुनैमा लयमा जोड दिएको पाइन्छ ।वि.सं २०५९ सालदेखि वि.सं. २०६३ सालसम्म लेखकको वर्णानुक्रमका आधारमा **अन्नपूर्ण पोष्ट** दैनिक पत्रिकामा प्रकाशित भएका नाम खुलेका तथा नाम नखुलेका  विभिन्न लेखक तथा समीक्षक समालोचकहरूका समीक्षा समालोचनाहरूको विवरणलाई तालिकामा दिइएको छ ।

**तालिका सङ्ख्या२**

| **क्र.स.** | **समीक्षक समालोचकको नाम** | **समीक्षा समालोचनाको शीर्षक** | **वर्ष** | **अङ्क** | **मिति** | **पृष्ठ** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| १ | अशोकप्यासी राई | एक फेर हाँसेर | ३ | ६५ | २०६१/०३/१२ | ७ | |
| २. | | ठाकुरप्रसाद मैनाली र उहाँका आधुनिक वातावरणीय मूर्तिहरू | ३ | १२१ | २०६१/०५/१२ | ७ | |
| ३. | | होड गायो भोग र पाङ्ग्रा | ३ | २१५ | २०६१/०८/१९ | ७ | |
| ४. | | नेपालका हितैसी जापानीहरू | ३ | २२२ | २०६१/०८/२६ | ७ | |
| ५. | | पाइलैपिच्छे सगरमाथा | ३ | २३६ | २०६१/०९/१० | ७ | |
| ६. | | काजोल खातुन | ३ | २४३ | २०६१/०९/१७ | ७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | | मिथक माया | ३ | २९९ | २०६१/११/१५ | ९ | |
| ८. | | मनका परागहरू | ४ | १८ | २०६२/०२/०४ | ७ | |
| ९. | | आवर्तन परावर्तन | ४ | ३४० | २०६२/१२/२६ | ७ | |
| १०. | | पारिजातको जीवनकथा | ५ | २४१ | २०६३/०९/१५ | ७ | |
| ११. | आयुष सुवेदी | श्री ५ महेन्द्र अन्तरङ्ग बहिरङ्ग व्यक्तित्व | ३ | २०८ | २०६१/०८/१२ | १२ | |
| १२. | | मेरो ज्याम्बोरी यात्रा | १ | २९७ | २०५९/१२/०१ | ६ | |
| १३. | केदार आचार्य | ट्रिनिटी | ४ | ९१ | २०६२/०४/१५ | ७ | |
| १४. | कृष्णराज चौधरी | बादलुले रङ्ग फेर्दा | १ | १६२ | २०५९/१०/२५ | ७ | |
| १५. | खगेन्द्र प्रसाद लुइँटेल | भषिक चिन्तन | ३ | १६४ | २०६१/०६/२४ | ५ | |
| १६. | खिलध्वज थापा | रिसर्च फर द टप | २ | २९४ | २०६०/११/०९ | ७ | |
| १७. | | द वेन्डिङ रिड | २ | ३२२ | २०६०/१२/०७ | ७ | |
| १८. | | जस्ट पासिङ वाइ | २ | ३२९ | २०५९/१२/१४ | ७ | |
| १९. | गोकर्ण भट्ट | आस्था ओ मेरी प्रिया | १ | २२७ | २०६०/०९/२० | ७ | |
| २०. | गोपीकृष्ण ढुङ्गाना | उजेलीहरू | ३ | २१५ | २०६१/०८/१९ | ७ | |
| २१. | गोवर्द्धन पूजा | छाति भरि तिम्रो माया | १ | २३४ | २०५९/०९/२० | ७ | |
| २२. | | पूर्वदेखि पश्चिमसम्म | १ | २४८ | २०५९/१०/११ | ७ | |
| २३. | | सहृदयी स्वरहरू | २ | १० | २०६०/०१/२७ | ७ | |
| २४. | | अर्द्धमुद्रित आँखाहरू | २ | २४ | २०६०/०२/१० | ७ | |
| २५. | | आँखा | २ | ३८ | २०६०/०२/२४ | ७ | |
| २६. | | बिसन्चो | ३ | २०८ | २०६१/०८/१२ | १२ | |
| २७. | | मातृसंभोग | ३ | २४३ | २०६१/०९/१७ | ७ | |
| २८. | | नेपाली समालोचना विभिन्न आयाम | ३ | २७८ | २०६१/१०/२३ | ७ | |
| २९. | | उपन्यासकार कविको चित्रदंश | ३ | ३३४ | २०६१/१२/२० | ९ | |
| ३०. | | रारा जलेपछि | ३ | ३५५ | २०६२/०१/१० | ९ | |
| ३१. | | पाइलाका डोबहरू सारङ्गीका बाडुलीहरू | ४ | ७ | २०६२/०१/२४ | ७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३२. | | सहर र सपना | ५ | ८३ | २०६३/०४/०६ | ७ | |
| ३३. | गौरी बहादुर कार्की | कर्ण शाक्यको सोच नियात्रा | ४ | १५ | २०६२/०२/०१ | ७ | |
| ३४. | चेतनाथ कँडेल | मान्छे केस्त्रा केस्त्रामा | ४ | ४२ | २०६२/०२/२८ | ७ | |
| ३५. | ज्ञानेन्द्र विवश | प्रथम नेपाली महिला | ३ | २६४ | २०६१/१०/०९ | ७ | |
| ३६. | ठाकुर वेलवासे | गौतम बुद्धमाथि उपन्यास आँखाहरू | ३ | ६५ | २०६१/०३/१९ | ७ | |
| ३७. | डा डी बी सिँह | तरलतावादी कविताहरू सपनाको देशमा | ३ | १४९ | २०६१/०६/२९ | ७ | |
| ३८. | तारानाथ गौतम | राइमती | २ | ३०१ | २०६०/११/१६ | ७ | |
| ३९. | तेजकुमार श्रेष्ठ | नयाँ इश्वरको घोषणा | ३ | ७२ | २०६१/०३/२६ | ८ | |
| ४०. | | डम्बरी कथा सङ्ग्रह | ४ | ७० | २०६२/०३/२५ | ७ | |
| ४१. | | तेस्रो विश्वयुद्ध | ४ | १०५ | २०६२/०४/२९ | ७ | |
दीपक अर्यालले लेखेको यस नाटकमादेशको जर्जर अवस्थालाई बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । पूर्णाङ्कीमा सनइलाई देशको कमजोर आर्थिक अवस्थासँग चित्रण गर्दै नेपालीको विवशतालाई देखाइएको छ ।

## २.७समग्र निष्कर्ष

**अन्नपूर्ण पोष्ट** दैनिकमा वि.सं. २०५९ सालदेखि २०६३ सालसम्म प्रकाशित गद्य साहित्यको अध्ययनगर्दा प्रस्तुत शोधमा कथा, समीक्षा, समालोचना र पुस्तक चर्चा, उपन्यास अंश, निबन्ध यात्रा संस्मरण र नियात्रा, अनुवाद साहित्य र नाटकको विवरणात्मक अध्ययन गरिएको छ । पाँच वर्षको अवधिमा प्रकाशित गद्य लेख तथा रचनाहरूको विवरणात्मक रूपमा प्रस्तुत गर्दा स्थापित लेखकदेखि नव सर्जकसम्मका लेख तथा रचनाहरू प्रकाशित देखिन्छन् । पत्रिकाले स्थापित लेखकका साहित्यिक कृतिलाई पनि धाराबाहिक रूपमा प्रकाशित गरेको छ । यस अवधिमा २०५ ओटा विभिन्न प्रवृत्तिका कथाहरू प्रकाशित भएका छन् ।कथाका विषयवस्तुहरू प्रवृत्तिका हिसाबले मिश्रित रहेका छन् । पाँच वर्षको अवधिमा प्रकाशित समीक्षा, समालोचना र पुस्तक चर्चा भने केही फितला देखिन्छन् । स्थापित लेखकका केही समालोचना बाहेक सामान्य र नवसर्जकका समालोचना भने लेख्नका लागिमात्र लेखिएका छन् । पत्रिकामा प्रकाशित पाँच उपन्यासका विभिन्न उपन्यास अंशहरूको विवरण यहाँ प्रस्तुत गरिएको छ । पाठकमा शंसय जगाउन र आउने हप्ता उपन्यासको विषयवस्तु कता मोडिएला भन्ने कुतूहलताले पाठकलाई **अन्नपूर्ण पोष्ट**तर्फ आकर्षित गरेको छ । पत्रिकामा पाँच वर्षको अवधिमा प्रकाशित उन्नाइस जना लेखकका तेत्तिसओटा निबन्धको विवरणात्मक अध्ययन गर्दा समसामयिक विषयवस्तुलाई बढी जोड दिएर लेखिएको पाइयो । स्थापित लेखकदेखि नवप्रवेशी लेखकसम्मलाई **अन्नपूर्ण पोष्ट** दैनिकले यथोचित स्थान दिएको छ । पत्रिकाले साहित्य प्रकाशनमा सबै विधालाई समेट्ने क्रममा अनुवाद साहित्य र नाटकलाई समेत स्थान दिन सफल भएको छ । समग्रमा अनुवाद र नाटकलाई भने पत्रिकाले कमै स्थान दिएको छ ।

# अध्यायतीन

## उपसंहार

नेपाली साहित्यको विकास र साहित्य भण्डारणको श्रीवृद्धिमा **अन्नपूर्ण पोष्ट**दैनिकले खेलेको भूमिकाको बारेमा अध्ययन गर्नु महत्वपूर्ण रहेको छ । प्रस्तुत शोध तयार पार्ने क्रममा विधागत रूपमा वि.सं. २०५९ देखि २०६३ सालमा प्रकाशित गद्य रचनाहरू कथा, समीक्षा तथा समालोचना, उपन्यास अंश, निबन्ध, अनुवाद साहित्य र नाटकको विवरणात्मक अध्ययन गरिएको छ । शोधमा नेपालभरबाट **अन्नपूर्ण पोष्ट** दैनिकसँगै प्रकाशित भएका अन्य समाचारप्रधान दैनिक पत्रिकाहरूको विवरणात्मक अध्ययन गरिएको छ ।

प्रकाशित गद्य रचनाहरू अन्तर्गत २०५ ओटा कथा,बालकथा र लघुकथा, १९५ ओटा नाम खुलेका तथा नाम नखुलेका समीक्षकका  समीक्षा तथा समालोचना, तीन जना उपन्यासकारका पाँचओटा उपन्यासका १९० ओटा उपन्यास अंशको विवरण प्रस्तुत गरिएको छ । शोधमा उन्नाइस जना निबन्धकारका तेत्तिसओटा निबन्धलाई समेटिएको छ । अनुवाद दुईओटा र एक पूर्णाङ्की नाटकको विवरण पनि शोधमा गरिएको छ । वि.सं. २०५९ देखि २०६३ सम्म सन्ताउन्नओटा कथा,सतसठ्ठीओटा लघुकथा र एकासीओटा बालकथा प्रकाशित भएका छन् । पाँच वर्षको अवधिमा छापिएका विभिन्न सतसठ्ठीओटा लघुकथाले विभिन्न विषयसँग सम्बन्धित रहेका छन् । केही कथाहरू  व्यङ्ग्यात्मक, केही हास्यप्रधान, केही समाज सुधारमा केन्द्रित, केही मनोरञ्जन, केही शिक्षाप्रद, केही तिलस्मी, केही ऐयारी, केही सत्य कथा, केही अतिरञ्जनात्मक प्रवृत्तिका रहेका छन् । केही कथाकारहरूका मनोविश्लेषणत्मक, प्रगतिवादी, आदर्शवादी, यौनमनोविश्लेषणवादी कथाहरू यस अवधिमा प्रकाशित देखिन्छन् । समासामयिक विषयवस्तु, घटना, विचार, वर्तमान परिवेश र सन्दर्भमा अधिकांश कथाहरू कथाकारले लेखेका छन् ।समाजमा चेतना जगाउन, मनोरञ्जन प्रदान गर्न, समाज सुधार गर्न, नारी चेतना जगाउन, शोषण, दमन, अत्याचार र भ्रष्टाचार निवारण गर्नमायी कथाहरूले मार्गनिर्देशन गरेका छन् । प्रायः छोटा र एक बसाइँमा नै पढेर सकिने खालका प्रकाशित कथाहरू साहित्यिक दृष्टिले केही ओजपूर्ण रहेपनि केही कथाहरू भने समान्य नै रहेका छन् । यस अवधिका छापिएका कतिपय नव सर्जकका कथाहरू भने समान्य खालका रहेका छन् । सामान्य पाठकदेखि बौद्धिक दुवै खाले पाठकका लागि अध्ययन

गर्न मिल्ने खालका कथाहरू यस अवधिमा प्रकाशित छन् । यसअवधिमा प्रकाशित अधिकांश कथाहरूबालबालिकाले बढी रुचाउने खालका रमाइला, जादू, हास्यप्रधान र ज्ञानबर्द्धक रहेका छन् । विषयवस्तुका दृष्टिले कथाहरू विभिन्न विषयसँग सम्बद्ध भएपनि समसामयिक घटना, परिवेश, वस्तुस्थिति लेखन शैली कथाकारका आफ्नै विचारका छन् । धेरै कथाहरूमा समसामयिक घटना, विषय, कथ्य र भाषा शैली सरल छन् । प्रकाशित कथाहरूमध्ये धेरै बालकथा र लघुकथा भएको हुँदा सरल प्रकृतिकाकथाको प्रकाशन उल्लेख्य रूपमा रहेको छ । केही समान्य बालकथा, लघुकथा भएपनि केही कथाहरू भने विशिष्ट र बौद्धिक पाठकका लागि समेत पढ्न र बुझ्नका लागि उपयुक्त रहेका छन् । कथाकारको सचेतता, अभ्यास, निखारता र लगनशीलताले नयाँ स्रष्टाका पनि केही कथाहरू उत्कृष्ट रहेका छन् ।

**अन्नपूर्ण पोष्ट** दैनिकमा प्रकाशित विभिन्न लेखक/समीक्षक/समालोचकका विभिन्न कृतिमाथिका १९५ओटा लेख तथा समालोचनाको विवरणात्मक अध्ययन यस शोधमा गरिएको छ । केही बौद्धिक विशिष्ट पाठकका लागि अध्ययन गर्न र बौद्धिक खुराकले भरिपूर्ण भएपनि केही समीक्षाहरू भने सिकारु समीक्षकका भएका हुँदा कमजोर देखिन्छन् ।छैसठ्ठी ओटा नाम खुलेका र १२९ ओटा नाम नखुलेका समीक्षकका लेखहरू प्रकाशित भएका छन् ।प्रकाशित समीक्षात्मक लेखहरू सामान्य पाठक र सिकारू लेखकका लागि उपयोगी छन् । नेपाली साहित्यका पाठकहरू विस्तारै समालोचना र समीक्षातर्फ आफ्नो अध्ययनको रुचि बढाइरहेको सन्दर्भमा **अन्नपूर्ण पोष्ट** दैनिक पत्रिकाले आफ्ना पाठकको माग र चाहना अनुरूप यस्ता विषयलाई समेट्दा साहित्यिक ओज अझ अग्लिएको छ । साहित्यका अध्येता र पत्रपत्रिका पढ्ने लत बसेका पाठकहरूले पुस्तक पढ्नभन्दा दैनिक प्रकाशन हुने पत्रिकामार्फत् यस्ता खाले लेख समीक्षाहरू घरमै बसेरअध्ययन गर्न पाएका छन् । अधिकांश समीक्षकका शीर्षकहरू समीक्षा समालोचनाका शीर्षक जस्ता नभएर सम्बन्धित कृतिको शीर्षक हेर्दा कथा, कविता, निबन्धआदि विधामा लेखिएका तत्तत् विधाका सम्बन्धित कृतिहरूलाई नै शीर्षक बनाएर प्रकाशित गरिएकाले समीक्षा जस्ता पनि छैनन् । यस्ता समीक्षाहरूको भाव पनि समान्य, सूचनात्मक, टिप्पणीमूलक र सरल किसिमकाछन् ।

**अन्नपूर्ण पोष्ट** दैनिकमा वि.सं. २०५९ देखि २०६३ सम्म १९०ओटा विभिन्न अङ्कमा प्रकाशित उपन्यास अंशहरूको अध्ययन प्रस्तुत शोधमा गरिएको छ । समान्य र विशिष्ट दुवै खाले पाठकका लागि उपयोगी यी उपन्यासको प्रकाशनमा धारावाहिक

शृङ्खलाले पाठकमा शंसय जागृत गराउन सफल भएको छ । पत्रिकाले साप्ताहिक रूपमा उपन्यास अंश पाठकका लागि पस्कने हुँदा पत्रिकाको लोकप्रियता अझ उचाइमा पुगेको छ ।डायमन्ड शमशेरको **सेतो बाघ** राणाकालीन समाजको यथार्थ चित्रणमा केन्द्रित देखिन्छ । उनको यस उपन्यासले राणाशासनको अत्याचार शोषण, दमन, हुकुमी प्रवृत्ति र दासप्रथाले समाजमा पारेको प्रभावलाई चित्रण गरेको छ । त्यस्तै पारिजातको **अनिदो पहाडसँगै** उपन्यासले उत्कृष्ट प्रगतिवादी यथार्थवादी धारणा प्रस्तुत गरेको छ । राजनीतिक  विषयमा आधारितयस उपन्यासले वि.सं. २०३५/३६ सालको विद्यार्थी आन्दोलन र परिवर्तित राजनीतिक घटनाक्रमलाई समेट्न खोजेको छ । उपन्यासमा वि.सं. २०३६ सालको विद्यार्थी आन्दोलनको घटनासँग सम्बन्धित भएर आएका छन् ।कथानकको सुरु र अन्त्य गाउँबाट भएपनि विकास र उत्कर्ष भने शहरी परिवेशमा भएको छ । अस्तित्ववादी दर्शनमा अधारित पारिजातको उपन्यास **शिरीषको फूल** जम्मा २१ ओटाअङ्कमा मात्र प्रकाशित भएको छ । वि.सं. २०२२ सालमा मदन पुरस्कार प्राप्त यस कृतिलाई यस दैनिकले आफ्ना पाठक माझ अझ लोकप्रिय बनाउन धारावाहिक रूपमा प्रकाशित गरेको छ । कुण्ठाग्रस्त पात्रहरूका मनका आर्तनाद र जीवनप्रतिको वितृष्णालाई कथ्य बनाइएको **शिरीषको फूल**उपन्यासमा विश्वयुद्धको वीभत्सता, नारी शोषण पक्षहरूको उद्घाटन, निम्न वर्ग र रोगग्रस्त शहरी परिवेशलाई चित्रण गरिएका छ । मूल कथानक सकम्बरी र सुयोगवीर र शिवराममा केन्द्रित छ । प्रेम, आदर्श, विश्वास, मानवता जस्ता आदर्शवादी कुरालाई पन्छाएर अभाव, उत्पीडन, नारी शोषण दमन र जीवनप्रतिको वितृष्णालाई प्रधानता दिइएको यस उपन्यास अजर अमर कृतिको रूपमा स्थापित भएको छ । यस उपन्याससँगै उनको **परिभाषित आँखाह**रूको जम्मा दुईओटा अङ्क मात्र प्रकाशित भएको छ ।गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल**उपन्यास पनि यस अवधिमा प्रकाशित भई पाठकको मन जित्न सफल भएको छ । आख्यानकार गोठालेको औपन्यासिक कृति **पल्लो घरको झ्याल** उपन्यासको धारावाहिक प्रकाशनका कारण पत्रिकाले साहित्यिक पाठकहरूका बीच आफ्नो आयामलाई थप फराकिलो बनाउन सफल भएको  छ ।

**अन्नपूर्ण पोष्ट** दैनिक पत्रिकामा वि.सं. २०५९ सालदेखि वि.सं. २०६३ सालसम्म प्रकाशित निबन्धहरूको अध्ययन विश्लेषण गर्दा केही निबन्धहरू समान्य देखिन्छन् भने केही निबन्ध विशिष्ट खालका देखिन्छन् । सामन्य पाठकदेखि बौद्धिक र विशिष्ट दुवै खाले पाठकका लागि अध्ययन गर्न मिल्ने निबन्ध यस अवधिमा प्रकाशित भएका छन् । केही

हास्यव्यङ्ग्यात्मक र समसामयिक रोचक खालका निबन्धहरू पनि यस अवधिमा प्रकाशित रहेका छन् । बदलिँदो राजनीतिक परिवेश, सामाजिक आर्थिक अवस्था र समाजमा हुने गरेका कुसंस्कार कुरीति विरुद्ध हास्यव्यङ्ग्यात्मक निबन्ध पनि यस अवधिमा प्रकाशित देखिन्छन् । गुणात्मक दृष्टिले केही कमजोर भएपनि यस अवधिमा प्रकाशित निबन्धहरू समसामयिक दृष्टिले उत्कृष्ट रहेका छन् ।

पत्रिकामा प्रकाशित अन्य वैचारिक लेख बाहेक निबन्धका उपभेदहरू यस अध्ययनमा गरिएको छ । राजनीतिक, आर्थिक, नियात्रा, संस्मरणात्मक, हास्यव्यङ्ग्यात्मक निबन्धहरू पत्रिकामा प्रकाशित रहेका छन् । यस अध्ययनमा उन्नाइस जना निबन्धकारका तेत्तिसओटा निबन्धहरू प्रकाशित भएका छन् । निबन्धका विषयवस्तु कुनै समान्य, कुनै मध्यम र कुनै विशिष्ट रहेका छन् । केही निबन्धहरू समाज परिवर्तन र राजनीतिक चेतनाले युक्त रहेका छन् । दोस्रो जनाआन्दोलन वि.सं. २०६२/२०६३ र परिवर्तित अवस्थामा प्रकाशित निबन्धहरू क्रान्ति, परिवर्तन र अग्रगामी दृष्टिले उत्कृष्ट छन् । नियात्रापरक निबन्ध भने यात्रासंस्मरण र निजात्मक लेखन अनुभूतिसँग सम्बन्धित छन् । निबन्धको भाव, विचार र विषयवस्तुको गाम्भीर्यका हिसाबले पाठकको मन छुन सफल रहेका छन् ।

वि.सं २०५९ सालदेखि वि.सं. २०६३ सालसम्ममा जम्मा दुईओटा अनुवाद साहित्यको प्रकाशन भएको छ । यस अवधिमा म्याक वेथको ‘नेपालीमा सेक्सपिएर’ शीर्षकमा कृष्णदीप सिग्देलले र योसी नोवू भोगिनोको ‘होसी तो नाम्पो वा’ शीर्षकमा पासाङ दोर्जी शेर्पाले अुनवाद प्रकाशन गरेका छन् । लेखक म्याक वेथले नाट्य सम्राट सेक्सपियरको लेखन शैली र नाट्य रचनाको शैली र शिल्पलाई प्रयोग गर्ने प्रयास गरेका छन् । विश्व साहित्यमा आफ्नो छुट्टै अस्तित्व बनाएका सेक्सपियरको दुःखान्त नाट्य लेखन शैलीलाई कृष्णदीपले ‘म्याक वेथको नेपालीमा सेक्सपियर’ शीर्षकमा विश्लेषण गरेका छन् । त्यस्तै योसी नोव भोगितो मूल लेखकको ‘होसी तो नाम्पो वा’ शीर्षकमा पासाङ दोर्जी शेर्पाले अनुवाद गरेका छन् ।

नाटककार दीपक अर्यालको नाटक ‘सनइ रोइरहेछ’ प्रकाशित भएको छ । पाँच वर्षको अवधिमा प्रकाशित नाटकमा सनइ रोइरहेको अवस्थालाई बिम्बात्मक रूपमा प्रस्तुत गरी देशमा भएको जर्जर आर्थिक अवस्थाले पिरोलिएको अवस्थाको चित्रण गरिएको छ

।सनइलाई बिम्ब बनाएर हत्या, हिँसा, द्वन्द्व र गरिबीले आक्रान्त देशको कमजोर आर्थिक अवस्थालाई समेट्दै नाटक अघि बढेको छ ।

दशवर्षे बालककालको अवस्थामा रहेको यस दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह र चणहरू पार गर्दै इतिहासका विभिन्न कालखण्डमा आफूलाई समकक्षी दैनिक पत्रिकाहरूको स्थानमा उभ्याउन सफल भएको छ । भाषाको विकास र संवर्द्धनमा महत्वपूर्ण कडी मानिने साहित्यिक पाटोलाई उजिल्याउने सन्दर्भमा पत्रपत्रिकाको विकासलाई कोशे ढुङ्गा मान्न सकिन्छ । सस्तो लोकप्रियता र परिचित हुने होडबाजीमा थुप्रै पत्रपत्रिकाले मानक नेपाली भाषाको स्तरीय लेख्य रूपलाई वग्रेल्ती रूपमा तोडमोड र आफूअनुकूल बनाइरहको सन्दर्भमा यस **अन्नपूर्ण पोष्ट** दैनिकले संयमता र सचेतता अप्नाउँदै यथाशक्य रूपमा आफूलाई परिमार्जित र परिष्कृत बनाउँदै साहित्यिक खुराक पस्किएको पाइन्छ । विशेष गरी यस दैनिकमा वि.सं.२०५९-२०६३सम्म पाँच वर्षको अवधिमा प्रकाशित भएका गद्य साहित्यहरूको अध्ययन गर्ने क्रममा यो निष्कर्ष निकाल्न सकिन्छ कि पत्रिकालेसाहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिन सफल भएको छ ।भाषागत रूपमा केही कमीकमजोरी फेला परे पनि साहित्यिक विकास र उन्नयनमा पत्रिकाले खेलेको भूमिका उदाहरणीय रहेको छ । साप्ताहिक रूपमा प्रकाशित हुने साहित्यिक खुराकहरूमध्ये गद्य रचनाहरूलाई यथेष्ट स्थान छुट्याएर पत्रिकाले नेपाली साहित्यप्रतिको झुकाव र उदारतालाई उजिल्याउने काम गरेको छ । पत्रिकाले आफ्नो धर्म निर्वाह गर्ने सिलसिलामा विभिन्न साहित्यिक विषयवस्तुलाई समेटेपनि साहित्यिक विषयवस्तुलाई आफ्नो अनुकूलतामा प्रकाशन गरेको पाइयो ।

साहित्यिक विषयवस्तु हप्तामा एक दिन प्रकाशित हुने भएपनि कहिलेकहीँ पूरा पेज विज्ञापन आउँदा साहित्यको पृष्ठ नै हटाइने गरिएको पनि पाइयो । यसरी विज्ञापन आयो भन्दैमा लाखौँ पाठकको ढुकढुकी बन्दै गरेको साहित्य पृष्ठलाई पत्रिकाले आखाँ चिम्लेर हटाइदिनुले पाठकको मस्तिष्कमा चोट पुग्ने गरेको छ । तसर्थ आगमी दिनमा अझ परिष्कृत, परिमार्जित, साहित्यप्रति उदारता देखाउनु पर्ने देखिन्छ । साप्ताहिक रूपमै भएपनि पुरै एक पृष्ठ साहित्यका लागि छुट्याउन सक्ने हो भने पत्रिकाको लोकप्रियता बढ्ने, पाठक सङ्ख्यामा वृद्धि हुने निश्चित छ । पत्रकारिताका आधारभूत कुरादेखि लिएर समाचार प्रकाशनसँगै साहित्य प्रकाशनमा पत्रिकाको भूमिका महत्त्वपूर्ण देखिन्छ ।

दश वर्षअघि काठमाडौंबाट प्रकाशित **अन्नपूर्ण पोष्ट** राष्ट्रिय दैनिक समाचार, सूचना, साहित्य, संगीत, खेलकुद र मनोरञ्जनका विषयलाई समानान्तर रूपमा अघि बढाउने पत्रिकामध्ये एक उत्कृष्ट पत्रिकाका रूपमा आफूलाई स्थापित गर्न सक्षम राष्ट्रिय दैनिक पत्रिका मानिन्छ। समाचार सम्प्रेषणलाई मुख्य उद्देश्य बनाएको यस पत्रिकाले आफ्नो एक दशक यात्रा क्रममा समाजमा समाचार, सूचना, मनोरञ्जन, कला साहित्य, खेलकुद, भाषा संस्कृति, चालचलन, रीतिरीवाज, परम्परा तथा जनअपेक्षा अनुरूपका पाटाहरूलाईस्थान दिदैं आएको छ। न्यू मिडिया प्रा.लि. काठमाडौं ३२, अनामनगरबाट प्रकाशित यस पत्रिकामा सम्पादक जिवेन्द्र सिंखडा रहेका छन्। पत्रिकाको प्रकाशन समा प्रिन्टर्स प्रा.लि. सैंवु गाविस ललितपुरबाट हुँदै आएको छ। रङ्गीन पत्रिकाका रूपमा काठमाडौंबाट निस्कने अन्तर्राष्ट्रिय स्तरसम्म आफ्नो पहुँच र छविलाई कायम राखेको यस दैनिकमा राष्ट्रिय, अन्तर्राष्ट्रिय, क्षेत्रीय, र स्थानीय समाचारहरू प्रकाशन हुँदै आएका छन्। यसका अलावा साहित्य संगीत, कला, खेलकुद र मनोरञ्जनलाई पनि पत्रिकाले यथोचित स्थान दिदैं आएको छ। पछिल्लो समयमा काठमाडौं र इटहरीबाट एकैसाथ प्रकाशन हुँदै आएको दैनिकका नेपालगञ्ज, पोखरा, नारायणगढ र विराटनगरमा क्षेत्रीय कार्यालय रहेका छन्। त्यसैगरी जिल्ला- जिल्लामा स्थानीय संवाददाताहरूको सञ्जालले समाचार संकलन, सम्प्रेषण र अन्य पाटाहरूलाई विस्तार गरेको छ। नेपाल सरकार प्रेस काउन्सीलबाट 'क' वर्गमा वर्गीकृत यस दैनिकले मूलतः आफ्नो प्रकाशनको विषय समाचारमा विशेष जोड दिएपनि समयको माग अनुसार अन्य विधामा पनि स्थान दिएको पाइन्छ। साहित्य, कला, संगीत र मनोरञ्जनलाई विशेष मध्येनजर राख्दै पाठकको जनचाहना अनुरूपका विषयलाई **अन्नपूर्ण पोष्ट** दैनिकमा समेटिएको छ।दैनिक एक लाख बढी प्रकाशित हुने यस पत्रिकाले समाजमा सुशासन, भ्रष्टाचार मुक्त कर्मचारीतन्त्र, जनताको आवाज र देश विकासका समाचार, सूचना, साहित्य, खेलकुद, मनोरञ्जनप्रभृत्तिका विषयवस्तुसँगै तीसँग सम्बद्ध तस्बिर प्रकाशित गरेर समाजमा आफ्नो छवि उजिल्याउन सफल भएको छ। पत्रिकाले समसामयिक विशृङ्खलता, भ्रष्टाचार, खराब संस्कार र खराब आचरणका विरुद्ध तीखो व्यङ्ग्यसहितको कार्टुन चित्र समेत प्रस्तुत गरेको छ। महत्त्वपूर्ण ओजिला र लोभलाग्दा लेख रचना समेट्नमा माहीर मानिएको यस दैनिकले साहित्यका विविध पाटाहरूलाई महत्त्वका साथ स्थान दिँदै आएको छ।

साहित्यिक स्रष्टाका सिर्जनाको उचित स्थानसँगै समसामयिक विचार र लेखलाई स्थान दिएको यस पत्रिकाले साहित्यका प्रायः सबै विधालाई समेटेको पाइन्छ। कुनै विषयलाई परिशिष्टाङ्क, कुनै विषयलाई विचार पृष्ठ, कुनै विषवस्तुलाई मनोरञ्जनको पाटोबाट आकर्षक ढङ्गले प्रस्तुत गरेको छ। साहित्यका विविध विषयलाई आफ्ना पाठक सामु पस्किँदै आएको यस दैनिकले आफ्नो अविछिन्न यात्रालाई अघि बढाउँदै आएको छ। सोह्र पृष्ठमा प्रकाशित यस दैनिक पत्रिकाले हरेक दिन छुट्टै आठ पृष्ठको परिशिष्टाङ्क पनि प्रकाशित गर्दै आएको छ। मूल्य रु दस रहेको यस पत्रिका एकप्रति किन्दा सो परिशिष्टाङ्क सित्तैमा पाइन्छ। परिशिष्टङ्कमा आइतबार सभा, सोमबार अर्थ, मंगलबार शिक्षा, बुधबार शैली, बिहीबार संगीत, शुक्रबार रंग र शनिबार फुर्सद नाम दिएर विविध विषयलाई समेट्ने गरिएको छ।

साहित्यिक स्रष्टाको बारेमा छुट्टै स्थान नछुट्याइए पनि शनिबारको फुर्सद परिशिष्टाङ्कको भित्री पृष्ठमा साहित्य र स्रष्टाको बारेमा जानकारी दिने गरिएको छ। वि.सं. २०६५ सालमा जिवेन्द्र सिंखडा सम्पादक भएपछि यस दैनिकलाई पाठकमाझ थप लोकप्रिय र प्रभावकारी बनाउन परिशिष्टाङ्कलाई थपिएको हो। नियमित रूपमा गोविन्द प्रधान सम्पादक भएर वि.सं.२०५९ वैशाख १८ गतेबाट प्रकाशन सुरु भएको यस पत्रिका स्थापनाकालमा अहिलेको जस्तो आकार र रङ्गीन थिएन। सरल, सरस, सहज र प्राञ्जल भाषाशैलीमा प्रस्तुत गरिने विषयवस्तुमा सटीक वाक्य गठनले यो दैनिक पाठकमाझ लोकप्रिय रहँदै आएको छ। बेलाबेलामा ग्राहक तान्न गरिने संस्थाको नियम अनुसारका बम्पर उपहार योजनाले ग्राहकको सङ्ख्या अन्य पत्रिका भन्दा धेरै रहेको दावी गर्ने यस पत्रिकाले पाठकको रुचि अनुसारका विषयवस्तुलाई समेट्दै आएको छ।

साहित्यिक विकास र योगदानका दृष्टिले **अन्नपूर्ण पोष्ट** दैनिकको भूमिका पछिल्लो समयमा निकै अगाडि देखिन्छ। स्रष्टा र सिर्जनालाई उच्च महत्त्वकासाथ पुराना र नयाँ साहित्यकारहरूका रचनालाई यथोचित स्थान यस पत्रिकाले दिएको पाइन्छ। गीत, कविता, गजल, मुक्तक, पुस्तक चर्चा उपन्यासको धाराबाहिक प्रकाशन गरिसकेको यस दैनिकले आफ्नो स्थान समाजमा साहित्यिक गतिविधि अघि बढाउन अतुलनीय योगदान गर्दै आएको छ। समाचार होस् या साहित्य, खेलकुद होस् या मनोरञ्जन, लेख विचार होस् या सूचना प्रकाशनमा यसले आफूलाई स्थापित पत्रिकाको स्तरमा अब्बल ठहऱ्याएको छ। नेपाली समाजमा यस दैनिकले समाचार, सूचना र मनोरञ्जनसँगै साहित्यिक विकासमा सकारात्मक

प्रभाव र भूमिका निर्वाह गर्न सक्षम भएको छ। **अन्नपूर्ण पोष्ट** राष्ट्रिय दैनिकले अन्य विषयवस्तुसँगै समसामयिक गतिविधिहरूलाई समेट्ने क्रममा साहित्यका विविध पाटाहरूलाई समेट्ने प्रयास गरेको देखिन्छ। साहित्यका विभिन्न विधाहरू कविता, गीत, गजल, मुक्तक, उपन्यास अंश, लेख, यात्रा संस्मरण, निबन्ध, कथा, पुस्तक चर्चा, पुस्तक समीक्षाको प्रकाशन पत्रिकाले उल्लेख गरेको पाइन्छ। यस दैनिकले विधागत रूपमा विषय नछुट्याए पनि आवश्यकता र सन्दर्भ हेरी साहित्यका हरेक पाटाहरूलाई समेट्ने प्रयास गरेको अनुभूत हुन्छ।

समाचार, सूचना, खेलकुद, मनोरञ्जन र विचार सम्प्रेषणका साथै यस दैनिकले साहित्यको विकास उत्थान, सम्वर्द्धन र प्रवर्द्धनमा निकै ठूलो योगदान दिएको पाइन्छ। समयको माग र पाठकको चाहना अनुरूप एकातिर यसले आफ्ना विषयवस्तु पस्कँदै आएको छ भने अर्कोतिर सामाजिक उत्तरदायित्वका कार्यहरूलाई पनि अघि बढाएको पाइन्छ। विकास निर्माणका कार्यहरूमाढिलासुस्ती, आर्थिक अनियमितता, जनसहभागिता र मानव स्वास्थ्यमा हित हुने खालका सामग्रीहरू यसले आफ्नो प्रकाशनमा स्थान दिएको छ। **अन्नपूर्ण पोष्ट** दैनिकले साहित्यको माध्यमबाट समाजमा परिवर्तन ल्याउन सहयोग पुऱ्याएको कुरा जगजाहेर नै छ। स्वास्थ्यका कुरा, जातीय भेदभाव उन्मूलनका कुरा, छोरीलाई विद्यालय छोरा सरह पठाउन पर्दछ भन्ने कुरा, मिलीजुली समाजसेवासँगै देश विकासमा जुट्नुपर्दछ भन्ने जनचेतना र जागरण यस दैनिकमा प्रस्तुत विभिन्न विषयवस्तुबाट प्रष्ट हुन्छ। परिवर्तनका लागि जनसंघर्ष, सकारात्मक परिवर्तनका लागि ऐक्यबद्धता र परेका बेला देशलाई जस्तो सुकै बलिदान गर्नुपर्दछ भन्ने भावना र जागरणको विकास वि.सं.२०६२/२०६३ को आन्दोलनमा यस दैनिकले गरेको योगदानबाट बुझ्न सकिन्छ।

साहित्य, कला, संगीत, र खेलकुदको विकाससँगै समाचार र सूचनामा यस दैनिकले पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको छ । अन्य विषयवस्तुसँगै साहित्यको विकासमा यसले पुऱ्याएको योगदान प्रशंसा गर्न योग्य देखिन्छ। साहित्यका हरेक विधा र विषयवस्तुलाई समय, अवस्था र घटनाक्रम अनुसार यस दैनिकले प्राथमिकतामा राखेर प्रकाशनमा स्थान दिएको पाइन्छ। समालोचना, विश्लेषण, पुस्तक चर्चा र सर्जकको चिनारीलाई पाठकको सामु पस्कने यस दैनिकले साहित्यिक योगदानमा विशेष जोड दिदैं आएको छ। समाजमा

**अन्नपूर्ण पोष्ट** दैनिकले साहित्यमार्फत् जनचेतना फैलाएको छ। के खराब, केअसल भन्ने छुट्याउन होस् या जनमत सिर्जना गर्न यस दैनिकको भूमिका महत्त्वपूर्ण रहेको छ। कुरीति, कुसंस्कार, अन्याय, अत्याचार, उत्पीडन, शोषण र सामन्ती प्रथाको विरोधमा लेखिएका समाज सुधारको भावनाले ओतप्रोत साहित्यिक खुराक यसले प्रस्तुत गर्दै आएको छ। भ्रष्टाचार न्युनिकरण, सुशासन कायम राख्ने परिकल्पनालाई साकार दिन नहट्ने यस दैनिकले साहित्यमार्फत् ती विसङ्गतिलाई खोतल्ने प्रयास गरेको देखिन्छ।विभिन्न उपन्यासकारहरूको  उपन्यासको धारावाहिक प्रकाशनले पाठकमा कुतूहलता जगाएर अब के होला भन्ने खुलदुली यसले उत्पन्न गराउन सफल भएको थियो। सोही खुल्दुली मेटाउन पाठकले अर्को हप्ता पनि यो पत्रिका खोजी-खोजी पढ्ने गरेको तीतो सत्य हामी माझ ताजै छ। पछिल्लो समयमा स्रष्टाको परिचय  र नयाँ पुस्तक प्रकाशनको चर्चासँगै साहित्यिक विश्लेषणात्मक लेख रुचाउने पाठकहरूका लागि यसले आफूलाई अब्बल दर्जामा उभ्याउन सफल भएको छ।

यसरी हेर्दा के देखिन्छ भने **अन्नपूर्ण पोष्ट** दैनिक नेपाली साहित्यको उत्थान, विकास, सम्वर्द्धन र प्रवर्द्धनमा अहोरात्र खटिएको पाइन्छ। साहित्य समाजको ऐना भएजस्तै पत्रिका त्यसको माध्यम बनेर प्रस्तुत भएको आभास पाउन सकिन्छ। साहित्यका हरेक विषयलाई आफ्नो प्रकाशनमा स्थान दिने **अन्नपूर्ण पोष्ट** दैनिक आफैमा लोकप्रिय, सुन्दर र पाठकका लागि पढ्न लायक पत्रिकाका रूपमा स्थापित छ। साहित्यलाई माया गर्ने कमै पत्रिका मध्ये आफूलाई अब्बल दर्जामा उभ्याउन सफल यस दैनिक पत्रिकाले उपन्यास अंशहरूको धारावाहिक प्रकाशन गरेपछि पाठकमाझ थप लोकप्रियता हासिल गरेको थियो। त्यही उत्कृष्टता र उपलब्धिलाई रक्षा गर्दै वर्तमान परिवेशमा पनि साहित्यका विविध पाटालाई स्थान दिएर यस दैनिकले आफ्नो परिशिष्टाङ्कलाई पाठकमाझ लोकप्रिय बनाउँदै आएको छ। किसानदेखि प्रवुद्ध वर्गसमक्ष आफ्नो लेखन क्षमता पाठक सामु प्रस्तुत गर्न चाहने सर्जकका लागि सुनौलो अवसर समेत बनेको यस दैनिक पाठक र स्रष्टाबीच सेतुको रूपमा उभिएको छ। पाठकको पहुँचले भेटेसम्म  नयाँनयाँ खुराक पस्किएका स्रष्टाका लागि आफ्ना शुभचिन्तकसमक्ष पुग्ने दरिलो माध्यम र अवसर बन्न सफल भएको छ।

पाठकका लागि साहित्यका विविध पाटा र सन्दर्भहरू बेला बखत परिशिष्टाङ्कका साथसाथै विशेषाङ्क समेत प्रस्तुत गरेको यस दैनिकले आफ्नो साहित्यप्रतिको झुकाव

र लगनशीलताको धर्म निर्वाह गरेको पाइन्छ। विदेशी साहित्य कुन दिशामाअघि बढिरहेको छ ? अन्य साहित्यको तुलनामा नेपाली साहित्यको गति कस्तो छ भन्ने कुरा यस दैनिकमा आउने पाठक प्रतिक्रियाबाट प्रष्ट हुन्छ। नवीन शैलीको लेखन नवीन आविष्कार, साहित्यमा नयाँनयाँ वादको प्रयोग, शिल्पी, शैली र भाषाको प्रयोगमा स्रष्टाले प्रयोग गर्ने लेखनीलाई यस दैनिकले स्थान दिएको पाइन्छ। समयको परिवर्तनसँगै साहित्य लेखनमा फड्को मारेको अवस्था, साहित्यमा प्रयुक्त शिल्पी र शैली पाठकमाझ सोझै आइपुग्ने हुँदा साहित्यका पाठक पनि पत्रिकाको परिशिष्टाङ्कप्रति आकर्षित देखिन्छन् ।

# परिशिष्ट खण्ड

## **अन्नपूर्ण पोष्ट** दैनिक र यससँगैका समाचारप्रधान पत्रिकाको विवरण

### १. **अन्नपूर्ण पोष्ट**सँगैका अन्य दैनिक पत्रिकाको वर्तमान स्थिति

**अन्नपूर्ण पोष्ट** दैनिकसँगै देशभरबाट प्रकाशित समाचार प्रधान पत्रिकाको सङ्ख्या वि.सं. २०६९चैत मसान्तसम्म २४४ रहेको छ । देशभरबाट राष्ट्रिय दैनिकको रूपमा आफूलाई स्थापित गराउनको लागि सञ्चालनार्थ सूचना विभागमा वि.सं. २०६९ चैत्र मसान्तसम्म २४४ ओटा दैनिक पत्रिका दर्ता भएका छन् । **अन्नपूर्ण पोष्ट** जस्तै यी पत्रिका समाचारप्रधान र केहीहदसम्म साहित्य प्रकाशनका दृष्टिले समान रहेका छन् । यी पत्रिका समाचार सम्प्रेषणमा मुख्य भूमिका रहे पनि साप्ताहिक रूपमा साहित्यिक विषवस्तु समेटेर पाठकको मन जित्न सफल रहेका छन् । दर्ता भएका सबै पत्रिका हाल सञ्चालनमा छन् या छैनन् भन्ने यकिन तथ्याङ्क सूचना विभागसँग छैन । यद्यपि अधिकांश पत्रिकाहरू सञ्चालनमा रहेका छन् । **अन्नपूर्ण पोष्ट** दैनिक पत्रिकासँगै देशभरबाट २४४ ओटा समाचारप्रधान दैनिक पत्रिका प्रकाशित भएका छन् । अञ्चलगत रूपमा प्रकाशित भएका समाचारप्रधान दैनिक पत्रिकाहरूको विवरण र तालिका तल प्रस्तुत गरिएको छ ।

**तालिका सङ्ख्या १ (बाग्मती अञ्चलबाट)**

| **क्र.सं** | **पत्रिकाको नाम** | **सम्पादकको नाम** | **ठेगाना** |
|---|---|---|---|
| १. | अन्नपूर्ण पोष्ट | जिवेन्द्र सिंखडा | अनामनगर |
| २. | आर्थिक अभियान | अच्युत वाग्ले | थापाथली |
| ३. | आजको खानतलास | दामोदरलाल श्रेष्ठ | ललितपुर |
| ४. | आर्थिक दैनिक | प्रल्हाद रिजाल | कुपण्डोल |
| ५. | अनलाईन | शशी कोइराला | कमलपोखरी |
| ६. | उपत्यका | जयप्रकाशप्रसाद गुप्ता | तीनकुने |
| ७. | क्राइम रिपोर्टर सन्ध्याकालीन | शिवविक्रम शाह | म्हैपी |
| ८. | कान्तिपुर | सुधीर शर्मा | सुविधानगर |
| ९. | कारोवार दैनिक | प्रतीक प्रधान | बुद्धनगर |
| १०. | खोज तलास | राजु बस्नेत | कमलपोखरी |

| | | | |
|---|---|---|---|
| ११. | खोजतलास अनलाइन | राजु श्रेष्ठ | पुतलीसडक |
| १२. | गोरखापत्र | सीताराम अग्रहरी | धर्मपथ |
| १३. | गतिशील दैनिक | बद्रीप्रसाद प्याकुरेल | विदुर |
| १४. | जनदिशा | गोविन्द आचार्य | अनामनगर |
| १५. | जन सवाल | मनोज कुमार गिरी | डिल्लीबजार |
| १६. | जन समाज | विष्णुप्रसाद बास्तोला | बागबजार |
| १७. | झिगु स्वनिग | अमिररत्न ताम्राकार | असन |
| १८. | तातो खबर | लक्ष्मण बजगाइँ | महाराजगञ्ज |
| १९. | द राइजिङ नेपाल | अजय राणा | धर्मपथ |
| २०. | द हिमालयन टाइम्स | अजयबहादुर खनाल | अनामनगर |
| २१. | द इभिनिङ न्यूज | प्रल्हाद रिजाल | इनवहाल |
| २२. | द काठमाडौं पोष्ट | अखिलेश उपाध्याय | सुविधानगर |
| २३. | दिनहुँ | डिआर कौडिण्य | लगनखेल |
| २४. | द न्यू पेपर | युग पाठक | सिनामंगल |
| २५. | राजधानी | राजन शर्मा | कुपण्डोल |
| २६. | राजधानी नयाँ विचार | भेषबहादुर थापा | बागबजार |
| २७. | रिपब्लिका | अमित ढकाल | बागदरबार |
| २८. | रोजगार खबर | मानछिरिङ तामाङ | मैतीदेवी |
| २९. | नयाँ सडक | ज्ञानप्रसाद पौडेल | असन |
| ३०. | नेपाली हिन्दी | विजयकुमार दास | घट्टेकुलो |
| ३१. | नागरिक दैनिक | नारायण वाग्ले | बागदरवार |
| ३२. | नयाँपत्रिका राष्ट्रिय दैनिक | कृष्णज्वाला देवकोटा | कमलपोखरी |
| ३३. | नयाँ कोतपर्व | गणेशप्रसाद सिवाकोटी | अनामनगर |
| ३४. | नेपाल समाचार पत्र | कपिल काफ्ले | काठमाडौं |
| ३५. | प्रक्षेपण | विकलप्रसाद श्रेष्ठ | डिल्लीबजार |
| ३६. | मजदुर | विष्णुगोपाल कुसी | भक्तपुर |

| | | | |
|---|---|---|---|
| ३७. | मध्यान्ह | मदनकुमार श्रेष्ठ | बागबजार |
| ३८. | मेट्रो पोष्ट | रामहरि शिलवाल | धोबीधारा |
| ३९. | मेट्रो अनलाईन | रामचन्द्र खड्का | डिल्लीबजार |
| ४०. | शैलेश्वरी | पदमराज जोशी | वानेश्वर |
| ४१. | सन्ध्या टाइम्स | सुरेश मानान्धर | वङ्गेमुढा |
| ४२. | सन्ध्याकालीन | केशव देवकोटा | भोटाहिटी |
| ४३. | श्रीकमाण्डर | युगनाथ शर्मा पौडेल | गोंगबु |
| ४४. | साँझको सटी टाइम्स | सुजीव बज्राचार्य | असन |
| ४५. | सिटी पोष्ट | नेत्रप्रसाद न्यौपाने | डिल्लीबजार |
| ४६. | सन्ध्या दृष्टि | ईश्वरलाल श्रेष्ठ | मध्यपुर थिमी |
| ४७. | समाचार सार | उद्धबबहादुर अर्याल | बागबजार |
| ४८. | सौर्य दैनिक | बोधराज त्रिपाठी | बागबजार |
| ४९. | हिमालय टाइम्स | गोविन्द लुइँटेल | मध्य वानेश्वर |
| ५०. | त्रिशुली समाचार | राजुमित्र खनाल | नुवाकोट |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

**तालिका सङ्ख्या २ (भेरी अञ्चलबाट)**

| **क.स.** | **पत्रिकाको नाम** | **सम्पादकको नाम** | **ठेगाना** |
|---|---|---|---|
| १. | अन्राल पोष्ट | जयनारायण शाह | बाँके |
| २. | काक्रेविहार | सूर्यमणि गौतम | सुर्खेत |
| ३. | कालपृष्ठ | हेमन्त कर्माचार्य | बाँके |
| ४. | थारुवान | राधेश्याम थारु | बाँके |
| ५. | दैनिक नेपालगञ्ज | झलक गैरे | बाँके |
| ६. | धमका | विष्णु शर्मा | |
| ७. | नेपाली एक्सप्रेस | शिव डोटेल | बाँके |
| ८. | निष्पक्ष ध्वनी | उदयसिंह श्रेष्ठ | बाँके |
| ९. | नव मधेश जागरण | पन्नालाल गुप्ता | बाँके |
| १०. | न्यू मधेश एक्सप्रेस | चन्द्रशेखर पाण्डेय | बाँके |

| | | | |
|---|---|---|---|
| ११. | नयाँ संरचना | चक्रपाणी लम्साल | बाँके |
| १२. | न्यूज नमस्ते | श्रीधर सुवेदी | बाँके |
| १३. | नेपालगञ्ज परिवेश | नवीन गिरी | बाँके |
| १४. | नयाँ नेपाल | भूमिप्रसाद सापकोटा | सुर्खेत |
| १५. | पश्चिम सरोकार | सुनिलकुमार गुप्ता | बाँके |
| १६. | पश्चिम खबर | लक्ष्मण सापकोटा | बाँके |
| १७. | पिपलबोट | चेतकान्त भट्टराई | बाँके |
| १८. | प्रभात घोषणा | ताराचन्द्र योगी | बाँके |
| १९. | बर्दिया टाइम्स | गीता अधिकारी | बर्दिया |
| २०. | बढैयात टुडे | कृष्ण भण्डारी | बर्दिया |
| २१. | मध्यपश्चिम सन्देश | मेघराज ओली | नेपालगञ्ज |
| २२. | मध्यपश्चिम | रुद्र सुवेदी | बाँके |
| २३. | मिशन टुडे | विनोद पौडेल | बाँके |
| २४. | युग आव्हान | युवराज शर्मा | सुर्खेत |
| २५. | लोकमञ्च | नारायणप्रसाद सापकोटा | सुर्खेत |
| २६. | समय अधिकार | रहिस अहमद सिद्दीकी | बाँके |
| २७. | सत्यपत्र दैनिक | सम थापा | नेपालगञ्ज |
| २८. | सन्ध्या बुलेट | पवन थापामगर | नेपालगञ्ज |
| २९. | सदभाव | दामोदर भण्डारी | बाँके |
| ३०. | समावेशी सन्देश | प्रतापकुमार गौतम | बर्दिया |
| ३१. | हाम्रो नयाँ नेपाल | भूमिप्रसाद सापकोटा | सुर्खेत |
| ३२. | हाम्रो संरचना | गोपी बुढा | नेपालगञ्ज |
| ३३. | हाम्रो भावना | प्रभुराम चौधरी | बर्दिया |
| ३४. | हाम्रो अखबार | तीला भण्डारी | बीरेन्द्रनगर सुर्खेत |
| ३५. | हाम्रो समाचार | भेषराज बस्नेत | बाँके |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

**तालिका सङ्ख्या ३ (नारायणी अञ्चलबाट)**

| क्र.स. | पत्रिकाको नाम | सम्पादकको नाम | ठेगाना |
|---|---|---|---|
| १. | अंकुश | ओमप्रकाश खनाल | पर्सा |
| २. | उज्यालो एक्सप्रेस | दिपक खनाल | चितवन |
| ३. | क्राइम एक्सप्रेस | रवीन्द्र शाह | रौतहट |
| ४. | कृपा | नवराज उपाध्याय | बारा |
| ५. | काया कैरन | दिनेशकुमार थपलिया | चितवन |
| ६. | गुड्मर्निङ वीरगञ्ज | सुखलप्रसाद चौधरी | पर्सा |
| ७. | चितवन पोष्ट | धर्मराज अर्याल | चितवन |
| ८. | जन प्रतिबिम्ब | एम प्रसाद शर्मा | पर्सा |
| ९. | जन सृष्टि | धनन्जय कुमार मिश्र | पर्सा |
| १०. | द न्यू टाइम्स टुडे | प्रविणकुमार शर्मा | रौतहट |
| ११. | दैनिक सत्य | धर्मेन्द्र साह | रौतहट |
| १२. | नारायणी एक्सप्रेस | सन्तोष न्यौपाने | मकवानपुर |
| १३. | नारायणी टुडे | श्याम बंजरा | पर्सा |
| १४. | पारदर्शी | जनक अर्याल | चितवन |
| १५. | प्रतिक | जगदिश प्रसाद शर्मा | पर्सा |
| १६. | ब्रम्हास्त्र | कांशीनाथ यादव | पर्सा |
| १७ | बाइपास | विकास अग्रवाल | पर्सा |
| १८. | मकवानपुर | दीर्घराज पौड्याल | मकवानपुर |
| १९. | राष्ट्रिय साहरा | नविन अधिकारी | पर्सा |
| २०. | राष्ट्रिय दैनिक | महेशचन्द्र गौतम | पर्सा |
| २१. | लोकतन्त्र सन्देश | प्रकाश ज्ञवाली | चितवन |
| २२. | वीरगञ्ज समाचारपत्र | रामबाबु प्रसाइ | पर्सा |
| २३. | वीरगञ्ज रिपोर्ट | कृष्णकुमार खनाल | रौतहट |
| २४. | सत्य सन्देश | विजय तिवारी | पर्सा |
| २५. | सन्ध्याकालीन | महेशचन्द्र गौतम | पर्सा |

| | | | |
|---|---|---|---|
| २६. | सिंहनाद | निरजकुमार | पर्सा |
| २७. | साझा कुरा | सविन न्यौपाने | हेटौँडा |
| २८. | हेटौँडा सन्देश | रामजनी दाहाल | मकवानपुर |
| २९. | हेटौँडा टुडे | नविन सिग्देल | मकवानपुर |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

**तालिका सङ्ख्या ४ (सेती अञ्चलबाट)**

| **क्र.स.** | **पत्रिकाको नाम** | **सम्पादकको नाम** | **ठेगाना** |
|---|---|---|---|
| १. | अनुमोदन | मनमोहन स्वार | कैलाली |
| २. | अभियान | खेम भण्डारी | कैलाली |
| ३. | आर्थिक खप्तड टुडे | कैलाश कुमार जोशी | धनगढी |
| ४. | उदाउँदो नयाँ नेपाल | डम्बर बोहरा | अछाम |
| ५. | एन्जिल टाइम्स | पवित्रा शाक्य | धनगढी |
| ६. | कैलाली हटलाइन | मातृका तिमिल्सीना | टीकापुर |
| ७. | कैलाली | ध्वजबहादुर थापा क्षेत्री | कैलाली |
| ८. | जनदिशा | जे. पी. जोशी | धनगढी |
| ९. | खप्तड टुडे | कैलाश कुमार जोशी | कैलाली |
| १०. | टीकापुर | भुवनेश्वर अधिकारी | टीकापुर |
| ११. | टीकापुर टाइम्स | कर्ण कुँवर | टीकापुर |
| १२. | धनगढी पोष्ट | कर्ण शाह | कैलाली |
| १३. | न्युज टुडे | जयराज न्यौपाने | कैलाली |
| १४. | पश्चिम घटना विचार | हर्कबहादुर बोहरा | डोटी |
| १५. | परिचर्चा | गणेश चौधरी | टीकापुर |
| १६. | पश्चिम टुडे | दीर्घराज उपाध्याय | कैलाली |
| १७. | मर्निङ वेल | वीरेन्द्रबहादुर रावल | धनगढी |
| १८. | मलवारा | दीपेन्द्रराज भण्डारी | कैलाली |
| १९. | राष्ट्रिय सन्दर्भ | हरिश भट्ट | धनगढी |
| २०. | रामरोशन | कृष्ण शाही | अछाम |

| | | | |
|---|---|---|---|
| २१. | सुदुर सन्देश | हेमन्त पौडेल | धनगढी कैलाली |
| २२. | सेती समाचार | धनबहादुर शाह | धनगढी |
| २३. | श्री नेपाल टाइम्स | करुणाकर पाण्डेय | धनगढी |
| २४. | समाचार साराशं | हरिप्रसाद जोशी | कैलाली |
| २५. | सेम आवाज | सुन्दरराज रेग्मी | धनगढी |
| २६. | सेती समाचार | महेन्द्रा चन्द्र | कैलाली |
| २७. | श्रम सृजना | नहकुल देव जि.सी. | कैलाली |
| २८. | पहुरा थारु | लक्की चौधरी | धनगढी |
| २९. | हिमाल अपि | लोकेन्द्र विष्ट | कैलाली |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

**तालिका सङ्ख्या ५ (गण्डकी अञ्चलबाट)**

| **क्र.स.** | **पत्रिकाको नाम** | **सम्पादकको नाम** | **ठेगाना** |
|---|---|---|---|
| १. | आदर्श समाज | कृष्णप्रसाद बास्तोला | कास्की |
| २. | आविष्कार | धन बस्नेत | पोखरा |
| ३. | गण्डकी खबर | रामराज श्रेष्ठ | पोखरा |
| ४. | गोल्डेन न्यूज | रीता गुरुङ | पोखरा |
| ५. | तनहुँ उद्घोष | आइ पी ढकाल | पोखरा |
| ६. | दैनिक जनमत | केशवराज पराजुली | पोखरा |
| ७. | दरौदी | शिवप्रसाद उप्रेती | पोखरा |
| ८. | पोखरापत्र | पुण्य पौडेल | पोखरा |
| ९. | पोखरा हटलाइन | माधव शर्मा | पोखरा |
| १०. | पोखरा अवाज | रवीन्द्र बास्तोला | पोखरा |
| ११. | पहिलो भञ्ज्याङ् | विश्वबन्धु भण्डारी | दमौली |
| १२. | भञ्ज्याङ | विश्वबन्धु भण्डारी | तनहुँ |
| १३. | मादीसेती प्रवाह | ओमकार आचार्य | पोखरा |
| १४. | युनाइटेड | राजबहादुर | पोखरा |
| १५. | लोकवाणी | प्रेमप्रसाद पौडेल | पोखरा |

| | | | |
|---|---|---|---|
| १६. | समाधान | डण्डराज शर्मा पौडेल | पोखरा |
| १७. | सेती मादी | डम्बरबहादुर अधिकारी | तनहुँ |
| १८. | सिद्धार्थ आवाज | राधाकुमारी शर्मा | स्याङ्जा |
| १९. | हाम्रो कलम | दिपक के. श्रेष्ठ | पोखरा |
| २०. | हिमदूत | कृष्णप्रसाद शर्मा | पोखरा |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

**तालिका सङ्ख्या ६ (जनकपुर अञ्चलबाट)**

| **क.स.** | **पत्रिकाको नाम** | **सम्पादकको नाम** | **ठेगाना** |
|---|---|---|---|
| १. | जनकपुर टुडे | वृजकुमार यादव | धनुषा |
| २. | जनकपुर एक्सप्रेस | राम नारायण कापडी | धनुषा |
| ३. | जनकपुर | शन्त व्यथित | जनकपुर |
| ४. | तराई टाइम्स | विनोदप्रसाद चौधरी | धनुषा |
| ५. | तहल्का डट नेपाल | राजेशकुमार कर्ण | धनुषा |
| ६. | मधेश पोष्ट | सञ्जिव शर्मा | सर्लाही |
| ७. | मिथिला डटकम | सुजितकुमार यादव | जनकपुर |
| ८. | मिथिलाञ्चल विशेष | उमेश कुमार यादव | जनकपुर |
| ९. | मधेश पोष्ट | सर्लाही | |
| १०. | विश्वजागरण | राघवेन्द्र शाह | धनुषा |
| ११. | सिमाञ्चल | उपेन्द्र भगत नागवंशी | धनुषा |
| १२. | सन्ध्याकालीन आकांक्षा | शैलेन्द्र झा | धनुषा |
| १३. | सुदूर सन्देश | हेमन्त पौडेल | |
| १४. | सिन्धुली सौगात | शुभाषचन्द्र रायमाझी | सिन्धुली |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

**तालिका सङ्ख्या७ (महाकाली अञ्चलबाट)**

| क्र.स. | पत्रिकाको नाम | सम्पादकको नाम | ठेगाना |
|---|---|---|---|
| १. | अभियान नेपाली | युवराज घिमिरे | कन्चनपुर |
| २. | एन्जिल टाइम्स | अशोक पाण्डे | कन्चनपुर |
| ३. | कालापानी | रवि विवश | कन्चनपुर |
| ४. | पश्चिम नेपाल | कर्ण बोहेरा | कन्चनपुर |
| ५. | पश्चिम सन्देश | पवित्रा भण्डारी | कन्चनपुर |
| ६. | फारवेस्ट टाइम्स | कर्ण देब भट्ट | कन्चनपुर |
| ७. | महेन्द्रनगर पोष्ट | शिवराज भट्ट | कन्चनपुर |
| ८. | विकल्प | मधवसिंह धामी | कन्चनपुर |
| ९. | सौगात खबर | भगीरथ अवस्थी | बैतडी |
| १०. | शुक्लाफाँट क्षेत्रीय | चुणमणि अर्याल | कन्चनपुर |
| ११. | हाम्रो निगरानी | गोकर्ण दयाल | बैतडी |
| १२. | श्री नेपाल टाइम्स | करुणाकर पाण्डे | कन्चनपुर |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

**तालिका सङ्ख्या ८ (सगरमाथा अञ्चलबाट)**

| क्र.स. | पत्रिकाको नाम | सम्पादकको नाम | ठेगाना |
|---|---|---|---|
| १. | आजको वातावरण | वैद्यनाथ झा | सप्तरी |
| २. | आजको जनपुकार | शैलेन्द्रप्रसाद शाह | सप्तरी |
| ३. | उगना | महेन्द्रप्रसाद मण्डल | सप्तरी |
| ४. | कृष्णा | मुरलीप्रसाद यादव | सप्तरी |
| ५. | ताजा समाचार | शिशुप्रसाद देवकोटा | सप्तरी |
| ६. | न्यूज टुडे | सुकृति कुमारी शाह | सप्तरी |
| ७. | नव संग्राम | दिनेश्वरप्रसाद गुप्ता | सिराहा |
| ८. | पूर्व प्रभात | शिशुप्रसाद देवकोटा | राजविराज |
| ९. | राजविराज | अनिलकुमार अनल | राजविराज |
| १०. | वरुवा टाइम्स | प्रदीप कुमार चौधरी | उदयपुर |

| | | | |
|---|---|---|---|
| ११. | सत्य तथ्य | भोलारमण उप्रेती | राजविराज |
| १२. | श्री जन आक्रोश | धीरेन्द्रप्रसाद साह | राजविराज |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

**तालिका सङ्ख्या ९ (कोशी अञ्चलबाट)**

| क.स. | पत्रिकाको नाम | सम्पादकको नाम | ठेगाना |
|---|---|---|---|
| १. | अब | महानन्द सापकोटा | विराटनगर |
| २. | औजार | भीमकुमार राई ज्वाला | धरान |
| ३. | उद्घोष | मोहन प्रसाद भण्डारी | मोरङ |
| ४. | कृष्ण | एम के माझी | विराटनगर |
| ५. | जन विद्रोही डेली | पृथ्वी कार्की | मोरङ |
| ६. | दर्शन | शिवबहादुर कार्की | मोरङ |
| ७. | फास्ट टाइम्स | केशव घिमिरे | सुनसरी |
| ८. | ब्लास्ट टाइम्स | किशोर कुमार कार्की | धरान |
| ९. | बिराटपथ | शेखर रेग्मी | मोरङ |
| १०. | मर्निङ टाइम्स | राजेश विद्रोही | सुनसरी |
| ११. | सन्देश | पुष्पराज गड्तौला | विराटनगर |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

**तालिका सङ्ख्या १० (लुम्बिनी अञ्चलबाट)**

| क.स. | पत्रिकाको नाम | सम्पादकको नाम | ठेगाना |
|---|---|---|---|
| १. | जन संघर्ष | बालकृष्ण चापागाइँ | रुपन्देही |
| २. | नव तिलोत्तमा | हरि लम्साल | बुटवल |
| ३. | नयाँ भावना | अर्जुन श्रेष्ठ | बुटवल |
| ४. | नयाँ सत्ता | भुवन कार्की | रुपन्देही |
| ५. | पाल्पा | भिमलाल भट्टराई | पाल्पा |
| ६. | बुटबल टुडे | बसन्त पोखरेल | रुपन्देही |
| ७. | मेचीकाली सन्देश | बसन्तराज खनाल | रुपन्देही |

| | | | |
|---|---|---|---|
| ८. | मेचीकाली | डि.आर. घिमिरे | रुपन्देही |
| ९. | लुम्बिनी | कर्ण बहादुर काकी | नवलपरासी |
| १०. | दैनिक पत्र | बसन्त पोखरेल | रुपन्देही |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

**तालिका सङ्ख्या ११ (मेची अञ्चलबाट)**

| **क.स.** | **पत्रिकाको नाम** | **सम्पादकको नाम** | **ठेगाना** |
|---|---|---|---|
| १. | अर्जुन धारा | कृष्ण हुमागाइँ | झापा |
| २. | जन संसद | मोहनकाजी न्यौपाने | झापा |
| ३. | झापा पोष्ट | माधव विद्रोही | झापा |
| ४. | न्यू मेची टाइम्स | तीर्थ सिग्देल | झापा |
| ५. | पूर्वाञ्चल | मदन ढकाल | झापा |
| ६. | पूर्व सन्देश | गन्ज बहादुर दाहाल | झापा |
| ७. | प्रतिदिन | सुव्रत न्यौपाने | झापा |
| ८. | विवेचना | नहकुल काजी | चन्द्रगढी |
| ९. | सन्दकपुर | विष्णकुमार शर्मा | इलाम |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

**तालिका सङ्ख्या १२ (राप्ती अञ्चलबाट)**

| **क.स.** | **पत्रिकाको नाम** | **सम्पादकको नाम** | **ठेगाना** |
|---|---|---|---|
| १. | गोरक्ष | विपुल घिमिरे | दाङ |
| २. | गणतन्त्र | सविन प्रियासन | दाङ |
| ३. | देउखुरी | निमबहादुर थापा | दाङ |
| ४. | नयाँ युगबोध | प्रताप रेग्मी | दाङ |
| ५. | बलाम | नारायणकुमार साह | रुकुम |
| ६. | राप्ती पोष्ट | शरद अधिकारी | दाङ |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

**तालिका सङ्ख्या १३ (कर्णाली अञ्चलबाट )**

| **क्र.स.** | **पत्रिकाको नाम** | **सम्पादकको नाम** | **ठेगाना** |
|---|---|---|---|
| १. | कर्णाली | हेम कसिंगर | जुम्ला |
| २. | कर्णाली असल शासन | नरेन्द्रनाथ योगी | जुम्ला |
| ३. | खाडचक्र | देवीराम आचार्य | कालिकोट |
| ४. | चुली सन्देश | | कालिकोट |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

**तालिका सङ्ख्या १४ (धौलागिरि अञ्चलबाट)**

| **क्र.स.** | **पत्रिकाको नाम** | **सम्पादकको नाम** | **ठेगाना** |
|---|---|---|---|
| १. | ढोर पाटन | हरिनारायण गौतम | बाग्लुङ |
| २. | धौलागिरि जागरण | रामबहादुर जि.सी. | बाग्लुङ |
| ३. | मुक्ति क्षेत्र | धनराज सापकोटा | बाग्लुङ |

स्रोत : मिडिया डाइरेक्ट्री २०६९

समाचारप्रधान पत्रिकाको रूपमा स्थापित **अन्नपूर्ण पोष्ट** पत्रिका राजधानी काठमाडौँबाट प्रकाशित हुने दैनिक पत्रिकामध्ये एक हो । समकक्षी पत्रिकाहरूको भीडमा आफूलाई अब्बल दर्जामा उभ्याउन क्रियाशील यस दैनिकले समाचारसँगै विविध विषयवस्तुलाई समेट्ने प्रयास गरेको छ । विषयगत रूपमा समाचार बाहेक पनि विभिन्न स्तम्भहरूलाई यथोचित स्थान दिँदै आएको छ । यद्यपि यी विषहरूलाई अन्य समाचारप्रधान दैनिक पत्रिकाहरूले पनि प्रकाशन गर्दै आएका छन् । प्रकाशनको प्रतिस्पर्धामा **अन्नपूर्ण पोष्ट** दैनिक पत्रिकाले स्तम्भ छुट्याएर हरेक शनिबार साहित्य स्तम्भलाई स्थान दिने गरेको छ । अन्य पत्रिकाहरूले साहित्यिक विधाका विषयवस्तुहरूलाई कमै मात्रामा स्थान दिए पनि **अन्नपूर्ण पोष्ट** दैनिकले साहित्यका सबै विधालाई स्थान दिँदै आएको छ । अन्य पत्रिकाले भन्दा यस दैनिकले साहित्य प्रकाशनमा बढी नै स्थान दिएको पाइन्छ । स्तरीय र अब्बल ठानिएका गोरखापत्र, कान्तिपुर, नागरिक, आदर्श समाज, वुटवल टुडे, पूर्व सन्देश, झापा पोष्टलगायतका पत्रिकाले भन्दा यस दैनिकले साहित्य प्रकाशनमा उचित ध्यान दिएको छ । पत्रिकाले साहित्यिक प्रकाशनको इतिहासमा उपन्यासलाई समेत धारावाहिक रूपमा

प्रकाशित गरेर पाठकको मन जित्न खोजेको छ । तसर्थ **अन्नपूर्ण पोष्ट** दैनिक अन्य समकक्षी समाचारप्रधान दैनिक पत्रिकाभन्दा साहित्य प्रकाशनमा उत्कृष्ट रहेको छ ।

## २. निष्कर्ष

सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत सूचना विभागले जारी गरेको वि.सं. २०६९ सालको मिडिया डाइरेक्ट्रीमा वि.सं. २०६९ चैत मसान्तसम्म विभागमा दर्ता भएका नेपालभरका समाचारप्रधान राष्ट्रिय दैनिको सङ्ख्या २४४ रहेको छ । यी पत्रिकाको प्रकाशन र स्थान फरकफरक भए पनि अधिकांश पत्रिका समाचारप्रधान पत्रिका नै रहेका छन् । समाचारप्रधान भएकाले केही पत्रिकाले मात्र एक हप्तामा कुनै एक दिनलाई साहित्यिक विषयवस्तु प्रकाशनमा स्थान छुट्याउने गरेका छन् । यी पत्रिकाहरूले समाचार प्रकाशनसँगसँगै साहित्यिक विधाका लेख रचनाहरूलाई पनि प्रकाशनमा स्थान दिने गरेका छन् । यी पत्रिकाले पनि साहित्यिक विधाका विभिन्न विषयहरूको प्रकाशन गरेर योगदान पुऱ्याएका छन् ।

तुलनात्मक रूपमा **अन्नपूर्ण पोष्ट** दैनिकले साहित्यिक विधाका विभिन्न रचनाहरूलाई पत्रिकामा प्रकाशन गरेर अन्य समाचारप्रधान पत्रिकाले भन्दा बढी महत्त्व दिएको छ ।

# सन्दर्भ सामग्री


**अन्नपूर्ण पोष्ट**दैनिक पत्रिकाका वि.सं.२०५९देखि २०६३ सालसम्मका गद्य रचना प्रकाशित भएका अङ्कहरू ।

अर्याल, उमा (२०६७),***नेपाल समाचारपत्र*** *दैनिकको समाचार खण्डमा प्रयुक्त भाषाको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र , त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

**घिमिरे, अमृत** (२०६९), ***अन्नपूर्ण पोष्ट****दैनिक एक यसले समेटेका विषय अनेक,*

**समाधान राष्ट्रिय** दैनिकमा प्रकाशित लेख ।

घिमिरे, चन्द्रकला (२०६५),*बालकोसेली द्वैमासिक पत्रिकामा प्रकाशित बालकथाहरुको शैक्षणिक प्रयोजन अध्ययन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

घिमिरे, भेषराज (२०५७),*प्रयोजनपरक भेदका रूपमा समाचार पत्रिकाका शीर्षकहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

ढुङ्गाना, गङ्गा (२०६७),*नेपाली दैनिक समाचारपत्रहरूमा प्रयुक्त भाषाको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

पोखरेल, सुरेन्द्र (२०६१),*नेपाली राष्ट्रिय दैनिक अखबारका भाषा तथा प्रस्तुतीकरणको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र,नेपाली शिक्षण समितिरत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

बराल, पूर्णचन्द्र (२०६४),*नेपाली दैनिक समाचारपत्रहरूमा पाइएका वर्णविन्यासगत त्रुटिको अध्ययन,*अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षण समितित्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

मिडिया डाइरेक्ट्री (२०६८), सूचना तथा सञ्चार विभागबाट प्रकाशित ।